# प्रभाव दैनिक
National Daily



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com



वर्ष ११ | अंक १६६ | काठमाडौं | शनिबार, १९ असोज २०८१ | Prabhab National Daily | Saturday, October 05, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


# बुद्धिमान ल्याउँदा पशुपति असन्तुष्ट

- पार्टीमा अन्तरसंघर्ष बढेपछि पूर्वअध्यक्ष पशुपतिको भारत भ्रमण रद्द
- संगठन विभाग प्रमुखबाट धवललाई हटाउँदा बवण्डर
- पूर्वअध्यक्ष प्रकाशचन्द्र लोहनीद्वारा लिङ्देनको आलोचना



■ **जेबी योञ्जन**

**काठमाडौं–** राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)मा पार्टी नै विभाजन हुनेगरिको अन्तरसंघर्ष चुलिएको छ । अध्यक्ष राजेन्द्र लिङ्देनले पार्टीमा इतर पक्षको नेतृत्व गर्ने महामन्त्री डा. धवलशम्शेर जबरामाथि कारबाहीको डण्डा चलाएका छन् ।

धवलको संगठन विभाग प्रमुख पद खोसिएको छ । लिङ्देनले आफूनिकट पार्टीका वरिष्ठ नेता बुद्धिमान तामाङलाई संगठन विभाग प्रमुख बनाएका छन् । प्रतिक्रियामा राणा पक्षबाट चर्को असन्तुष्टि प्रकट भएको छ । राणा पक्षमै रहेका पूर्वअध्यक्ष डा. प्रकाशचन्द्र लोहनीले लिङ्देनको कदमलाई 'अविवेकी र अमानवीय निर्णय' भनेका छन् । बिरामी भएर अस्पतालको शय्यामा उपचाररत रहँदा अध्यक्ष लिङ्देनको राणालाई तनाव दिएको अर्थ्याएका छन् ।

यही विषयलाई लिएर पार्टीमा तनाव उत्पन्न भएपछि पछिल्लो समय मध्यमार्गी धारमा रहेका पूर्वअध्यक्ष पशुपतिशम्शेर जबराले भारत यात्रा रद्द गरेका छन् । उनी शुक्रबार भारत जाने कार्यक्रम तय भएको थियो । तर, पार्टीमा गम्भीर संकट देखिएपछि उनी भारत भ्रमणमा निस्किएनन् । उनी पनि लिङ्देनको कदमप्रति सन्तुष्ट छैनन् ।

पशुपतिलाई शुक्रबार भेटेका एक नेताले प्रभावलाई भने, 'पार्टीमा गम्भीर संकट पैदा भएकोमा उहाँ चिन्तित हुनुहुन्छ । धवलको विषयमा पार्टीमा जे भयो, त्यसलाई कसरी मिलाउने ? यदि मिलाउन सकिएन भने पार्टी फुट्ने त होइन ? यसमा पनि उहाँको चिन्ता देखियो ।' पार्टीमा संगठन विभागलाई महत्वपूर्ण अंगको रूपमा लिने गरिन्छ । सोही विभागबाट राणालाई हटाएपछि चुलिएको असन्तुष्टि कतै पार्टी विभाजनतिर त जाने होइन ? प्रश्न उब्जिएको छ । यसअघि महामन्त्री धवलले भनेका थिए, 'पार्टीलाई एकताबद्ध गरेर अघि बढ्न नेतृत्वले चाहेको अवस्था छैन ।'

उनका अनुसार पार्टी अध्यक्ष लिङ्देन विधान मिच्दै अघि बढेका छन् । जबकि, 'नवीन राप्रपा' अभियानमा विधिलाई प्राथमिकता दिनुपर्ने उल्लेख छ । तर, लिङ्देनले विधानविपरीत गएर संगठन विभाग प्रमुखबाट महामन्त्री राणालाई नै हटाएको भन्दै राणापक्षीय नेता कार्यकर्ता असन्तुष्ट छन् । राणापक्षीय नेता प्रेम देसारले भनेका छन्, 'सबैलाई मिलाएर लैजाने बेला विधानको व्यवस्थाविपरीत अध्यक्षले एकलौटी गर्नु, विधि मिचेर स्वेच्छाचारी कार्य गर्नाले पार्टीमा विग्रह आउने भएकोले हामी सबै कार्यकर्ता चिन्तित छौँ ।'

यहीबेला अध्यक्ष लिङ्देन पार्टीको संस्थापनइतर पक्षविरुद्ध जसरी कडा रूपमा प्रस्तुत भइरहेका छन्, यसले पार्टीलाई विभाजनको खतरातिर उन्मुख गराएको देखिएको छ । लिङ्देनले पार्टी केन्द्रीय समितिमा बहुमत जुटाउने प्रयास पनि गरिरहेका छन् । हालै नवीन राप्रपाअन्तर्गत ४० वर्ष मुनिका २० युवालाई केन्द्रीय सदस्य बनाएकोमा अधिकांश लिङ्देन निकट रहेको एक नेताले बताए । तर, दुई जनाले भने पार्टी केन्द्रीय सदस्य अस्वीकार गरेका छन् । अब फेरि सोही उमेर समूहका २० जना केन्द्रीय सदस्य छनोट गर्ने पार्टीको निर्णय भएको महामन्त्री राजेन्द्र गुरुङले बताए । 'अस्ति नै थप २० जना केन्द्रीय सदस्य ४० वर्ष मुनिका युवाबाट छनोट गर्ने निर्णय भएको छ, अब छिट्टै होला', उनले भने ।

ती २० जना पनि लिङ्देनले आफूनिकटको बनाउने र केन्द्रीय समितिमा बहुमत पुऱ्याएर धवल नेतृत्वको संस्थापनइतर पक्षलाई कारबाही गर्ने मनस्थितिमा लिङ्देन रहेको स्रोतले जनाएको छ । हाल लिङ्देन पक्षले राणाले गुट चलाएको आरोप लगाउने गरेको छ । आफूविरुद्ध षड्यन्त्र गरेको पनि आरोप लगाएका छन् ।

जबकि गत शुक्रबार र शनिबारको वर्षाले वितण्डा मच्चाएपछि अध्यक्ष राजेन्द्र लिङ्देनले निकट नेताहरूको भेला बोलाएका थिए । 'दसैं भेला' नाम दिएको भेला काठमाडौंको बौद्धस्थित एक होटलमा बसेको थियो । भेलामा वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र पनि थिए । तर, पूर्वअध्यक्ष डा. लोहनी, उपाध्यक्ष पाण्डे, महामन्त्रीहरू राणा र कुन्ती शाहीलगायतलाई भेलामा सुइँकोसम्म दिइएन । भेलामा सहभागीका एक नेताका अनुसार लिङ्देनले त्यहाँ भने, 'बाढीपहिरो गएकोले यसपटक हामी दसैं मनाउँदैनौं । शोक मनाउँछौं ।' त्यसपछि केही नेताले बौद्धमा बत्ती बाले ।

(क्रमशः पृष्ठ २ मा)

## राणाको कारबाही विधानविपरीत



राप्रपाको संशोधित विधान २०७८ ले अध्यक्षलाई विभाग र समिति गठन वा जिम्मेवारी हेरफेर गर्न स्वन्तत्रता दिएको छैन । विधानमा केन्द्रीय समितिको 'सल्लाह'लाई अनिवार्य गरेको छ । विधानको २०७८ को परिच्छेद- ४ मा अध्यक्षको काम, कर्तव्य र अधिकारको (घ) मा भनिएको छ- आवश्यकताअनुसार 'सल्लाह'ले केन्द्रीय तहमा पार्टीको विभिन्न प्रयोजनका लागि समिति, विभाग, आयोगहरू गठन गर्ने र काम, कर्तव्य र अधिकार तोक्ने ।

विधानको यस प्रावधानले संगठन विभाग प्रमुख राणालाई हटाउनु अध्यक्षको अधिकार नभएको देखाउँछ । यदि, कुनै विभागको जिम्मेवारीमा रहेकालाई अनुशासनको कारबाही गरेर हटाउनु परे त्यससम्बन्धी प्रस्ताव केन्द्रीय समितिमा प्रस्तावको रूपमा पेस गर्नुपर्ने हुन्छ । केन्द्रीय समितिले अनुमोदन गरेपछि मात्रै हटाउन मिल्ने पार्टीका एक जना पदाधिकारीले बताए । तर, राणाको हकमा अध्यक्ष लिङ्देन स्वेच्छाचारी र बदलाभावले प्रेरित देखिए ।

'यदि, अनुशासनको कारबाही गर्नुपर्ने भए केन्द्रीय समितिमा प्रस्ताव लानुपर्छ', उनले भने, 'अनुशासन समितिले कारबाही गर्नुपर्ने निर्णय गरे पनि केन्द्रीय समितिले अनुमोदन गर्नुपर्छ, अध्यक्ष एक्लैले त्यो गर्न पाइँदैन । यो त बदला लिएको जस्तो देखियो ।' विधानको २४ (झ) मा पार्टीका विभागहरूको काम, कर्तव्य र अधिकार पनि केन्द्रीय समितिले तोक्ने उल्लेख छ ।

तर, विधानविपरीत लिङ्देनले विभागमा हेरफेर गर्ने र जिम्मेवारी दिने कार्य गरेको भन्दै राणापक्षको विरोध छ । २०७८ मा पार्टीको एकता महाधिवेशनअघि भने राप्रपाको विधानमा अध्यक्षले विभागीय प्रमुख तोक्ने अधिकार थियो । तत्कालीन अध्यक्ष कमल थापाले विभागीय प्रमुख मनोनित गर्नेदेखि हटाउने गर्थे ।

तर, महाधिवेशनबाट अध्यक्षमा निहित यस्तो अधिकार विधान संशोधन गरेर हटाइयो । एक नेताका अनुसार तत्कालीन अध्यक्ष कमल थापा फेरि अध्यक्षमा निर्वाचित भए निकट नेताहरूलाई विभागीय प्रमुख तोकेर मनमौजी गर्न सक्ने भन्दै लिङ्देन (तत्कालीन संस्थापनइतर)पक्षले बहुमत जुटाएर उक्त प्रावधान हटाएको थियो । अहिले भने लिङ्देन स्वयं विधानविपरीत विभागीय प्रमुख मनोनयन गर्नेदेखि हेरफेर गर्न सरिक भएका छन् ।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भः वैदेशिक रोजगार**

## 'इजरायलभन्दा लेबनानमा डर'

■ **प्रभाव संवाददाता**




**काठमाडौं–** परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले इजरायल-लेबनान द्वन्द्वबारे सरकार सचेत रहेको बताएकी छन् । शुक्रबार कतारबाट नेपाल फर्कने क्रममा त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा सञ्चारकर्मीसँग कुराकानी गर्दै मन्त्री देउवाले दुई देशमध्ये लेबनान असुरक्षित रहेको बताइन् । 'लेबनानको स्थिति हामीले वाच गरिरहेका छौ । इजरायलभन्दा पनि लेबनानमा हामीलाई डर लागिरहेको छ,' मन्दी देउवाले भनिन् ।

मंगलबार इरानले अप्रत्यासित रूपमा इजरायललाई १८० वटा रकेट आक्रमण गरपछि शुरु भएको द्वन्द्वले हिंसात्मक रूप लिएको हो । लेबनानमा हिजबुल्लाहविरुद्ध लडिरहेका आज जना इजरायली सैनिकको मृत्युपछि इजरायलले त्यहाँ आक्रमण थालेसँग त्रास फैलिएको हो । परराष्ट्रमन्त्री देउवाले त्यहाँ रहेका नेपालीले चाहेमा उद्धारको व्यवस्थासमेत हुने बताइन् ।

'रेस्क्यु गरेर ल्याउनु पर्दा के गर्न सकिन्छ भनेर हामीले छलफल गरिरहेका छौ । कोही आफन्त हुनुहुन्छ भने सम्पर्कमा बस्नुहोला,' उनले भनिन् । उक्त अवसरमा परराष्ट्रमन्त्री देउवाले संयुक्त राष्ट्रसंघको ७९औं महासभा र उक्त महासभाका दौरानमा आयोजित विभिन्न अन्तर्राष्ट्रिय मञ्चमा नेपालको उपस्थिति महत्वपूर्ण र प्रभावकारी रहेको बताएकी छन् । उनले संयुक्त राष्ट्रसंघको महासभा र विभिन्न उच्चस्तरीय बैठकमा सक्रिय सहभागिता जनाउँदै नेपालको राष्ट्रिय हित र चासोका मुद्दाहरूलाई प्रमुखताका साथ उठाइएको बताइन् ।

मन्त्री देउवाले क्यानाडाको टोरन्टोमा आयोजित विश्वका महिला विदेशमन्त्रीहरूको बैठक, अमेरिकाको न्युयोर्कमा आयोजित राष्ट्रसंघीय महासभा र कतारको दोहामा आयोजित एसिया कोअपरेसन डायलग (एसिडी) को तेस्रो सम्मेलनमा सहभागी भएर शुक्रबार साँझ स्वदेश फर्किएकी हुन् ।

देउवाले बहुपक्षीय एवं क्षेत्रीय बैठकमा नेपाल स्पष्ट रूपमा सुनिने र देखिनेगरी उपस्थित भएको पनि जानकारी दिइन् । 'यहाँ हामीले जसरी नेपालमा यो भएन, त्यो भएन भन्ने गरेका छौं वास्तवमा त्यस्तो अवस्था पनि होइन । तथ्य र तथ्यांकहरूमा हेर्दा नेपालको अवस्था नाजुक छैन । हामी दिगो विकास लक्षको प्राप्तिमा ४७ प्रतिशतसम्म प्रगति गरेका छौं । तर कतिपय देशको त अहिले पनि १७ प्रतिशतमात्र प्रगति भएको पनि देखिएको छ । हाम्रो अवस्थालाई हामीले सकारात्मक रूपमा लिएर अघि बढ्नुपर्छ,' देउवाले भनिन् ।

देउवा क्यानडाको टोरन्टोमा गत सेप्टेम्बर १९-२० मा आयोजित महिला विदेशमन्त्रीको बैठकमा सहभागी भएकी थिइन् । बैठकका क्रममा उनले विभिन्न देशका विदेशमन्त्रीसँग द्विपक्षीय भेटवार्ता गरेकी थिइन् । त्यसपछि देउवा संयुक्त राष्ट्रसंघको मुख्यालयमा आयोजित महासभा र समिट अफ द फ्युचरमा सहभागी भइन् । कार्यक्रमपछि कतारको दोहामा बुधबार र बिहीबार आयोजित एसिडीको तेस्रो शिखर सम्मेलनमा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गरेर सहभागी भएकी थिइन् ।

यी महत्वपूर्ण बैठकहरूमा नेपालको कूटनीतिक सम्बन्धको दायरा विस्तार गर्ने, नेपालको आफ्नो चासो र हितका विषयहरू अन्तर्राष्ट्रिय समुदायसमक्ष राख्ने, जलवायु परिवर्तनका कारण नेपालले भोग्नुपरिरहेका समस्याहरू विश्व समुदायलाई सुनाउने र नेपाललाई आवश्यक सहयोगका लागि अपिल गर्ने काम गरेको पनि देउवाले सुनाइन् । त्यसैगरी नेपालमा शान्ति प्रक्रिया, महिला सशक्तीकरण एवं प्रजनन अधिकारका क्षेत्रमा भएका प्रगतिबारे पनि उहाँले ती फोरमहरूमा जानकारी दिइन् ।

आफूले यसपटक अतिकमविकसित मुलुकहरूका तर्फबाट जि-२० का विदेशमन्त्रीको बैठकलाई सम्बोधन गर्दै यी मुलुकहरूलाई हाल प्राप्त सहयोग थप अभिवृद्धि गर्न अनुरोध गर्नुका साथै प्रमुख अन्तर्राष्ट्रिय संघसंस्थामा अतिकमविकसित मुलुकको प्रतिनिधित्व बढाउन समेत जरुरी रहेको कुरा उठाएको उनले बताइन् ।

साथै भूपरिवेष्ठित विकासशील देशहरूको मन्त्रीस्तरीय बैठकलाई सम्बोधन गर्दै यी देशहरूका विकास चुनौतीहरू सामना गर्न वैदेशिक सहयोग, वैदेशिक लगानी, वैदेशिक व्यापार प्रर्व्द्धनसम्बन्धी सहयोग तथा पूर्वाधार विकासमा अन्तर्राष्ट्रिय साझेदारी हुनुपर्ने विषयमा जोड दिएको जानकारी पनि उनले दिइन् ।

त्यस्तै पिस बिल्डिङ कमिसनको मन्त्रीस्तरीय बैठकलाई सम्बोधन गर्दै नेपालले हालै सङ्क्रमणकालीन न्यायसम्बन्धी संशोधित विधेयक पारित गरेको र नेपाल दिगो शान्तिका लागि सदैव प्रतिबद्ध रहेको जानकारी गराएको उनले बताइन् । महासभाकै दौरानमा विभिन्न फोरमहरूमा सहभागी भएर उहाँले महिला प्रतिनिधित्व, लैंगिक समानता र महिला सशक्तीकरणका लागि नेपालको प्रतिबद्धता पनि व्यक्त गरेकी थिइन् ।

(क्रमशः पृष्ठ २ मा)




# आन्तरिकतर्फ दैनिक १५० उडान थप

**काठमाडौं–** त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा यही असोज १४ गते सोमबार एकैदिन पाँच सय ५९ हवाई उडान भए । ती उडानमार्फत ३५ हजार सात सय चार जनाले हवाईयात्रा गरे । आन्तरिक र अन्तर्राष्ट्रिय गरी दुबै यो उडान र यात्रु संख्या सम्भवतः हालसम्मकै बढी भएको विमानस्थलले जनाएको छ ।

असोज १५ गते बिहीबार हेलिकप्टरसहित पाँच सय ११ उडान भए । बुधबार आन्तरिकतर्फ हेलिकप्टरसहित एक सय ८२ उडान र एक सय ८२ वटा अवतरण भएका थिए । साथै अन्तर्राष्ट्रियतर्फ ५२ वटा उडान र ५२ वटा अवतरण भएका थिए । यसबाट १५ हजार नौ सय ६२ यात्रुले सेवा लिएका थिए ।

कार्यालयका अनुसार गत सोमबार कूल पाँच सय ९९, मंगलबार पाँच सय ११ र बुधबार चार सय ७३ वटा उडान भएका छन् । बिहीबार र शुक्रबार केही उडान चाप घटेको छ । दैनिक सरदर आन्तरिक र अन्तर्राष्ट्रिय दुबैगरी चार सय हाराहारी उडान हुने गरेकामा अहिले एक सयदेखि एक सय ५० सम्म थप उडान व्यवस्थापन गर्नु परिरहेको विमानस्थलले जनाएको छ ।

यही असोज ११ र १२ गतेको अविरल वर्षाका कारण मुलुकका विभिन्न स्थानमा बाढीपहिरोले सडक सञ्चालन अवरुद्ध भएपछि विकल्पको रूपमा रहेको हवाई उडानमा अध्याधिक चाप बढेको हो । उडान चाप ह्वात्तै बढेपछि केही एयरलाइन्सले उडान संख्या पनि थपेका छन् । अन्तर्राष्ट्रिय विमानस्थलमा आन्तरिक र अन्तर्राष्ट्रिय दुबै उडानमा चाप हुँदा विमानस्थलको टर्मिनलमा भीडभाड बढेको छ भने एयरलाइन्सलाई उडान व्यवस्थापनमा हम्मे हम्मे परिरहेको छ । विमानको उडान संख्या बढेपछि विमानस्थलमा एयर ट्राफिक चाप बढेको छ । आन्तरिकमा धेरै उडान एकदेखि दुई घण्टासम्म ढिला हुने गरेका छन् । अन्तर्राष्ट्रियतर्फ एकघण्टा भन्दा बढी समयसम्म विमान होल्डमा बसेर अवतरण गर्नुपरेको छ ।

हवाई उडान चाप बढेपछि एयर ट्राफिक व्यवस्थापनका साथै हवाई उडानको सुरक्षाको सन्दर्भ पनि आउँछ । उडान चापले विमानस्थल व्यवस्थापनदेखि एयरलाइन्स, विमान चालक (पाइलट) तथा गन्तव्यका विमानस्थलको व्यवस्थापकीय र सुरक्षाको प्रश्न उठ्नु स्वभाविक पनि हो । त्यसो हो भने उडान चाप हुँदा हवाई सुरक्षाको सन्दर्भलाई कसरी हेरिन्छ त ! यसै सन्दर्भमा हवाई क्षेत्रका जानकारहरूसँग केही जिज्ञासाको उत्तर खोज्ने प्रयास गरिएको छ ।

हवाई उडान चाप रहेपनि हवाई सुरक्षालाई चुस्त दुरुस्त र प्रभावकारी बनाइएको नियामक निकाय एवं एयरलाइन्सका अधिकारीले दाबी गरेका छन् । उनीहरूले हवाई उडान सुरक्षामा कुनै सम्झौता नहुने उल्लेख गरेका छन् । आन्तरिक उडानमा आवश्यक जनशक्ति २४सै घण्टा खटिएर सेवालाई चुस्त र प्रभावकारी बनाइएको उनीहरूको भनाइ छ । नेपाल नागरिक उड्यन प्राधिकरण (क्यान) का महानिर्देशक प्रदीप अधिकारीले यात्रुको चाप बढेपछि उडान व्यवस्थापन र हवाई सुरक्षाको पाटोलाई विशेष ध्यान दिएर नागरिकलाई गन्तव्यमा पुर्‍याउन सबै सक्रिय रूपमा लागेको बताए ।

'हवाई सुरक्षामा शून्य सहनशीलता अपनाइएको छ । सुरक्षा र सेवालाई समानान्तर रूपमा अघि बढाइएको छ', महानिर्देशक अधिकारीले भने, 'विपद्को समयमा सहर-सहरबीच सम्पर्कविच्छेद छ, अहोरात्र खटेर उड्यन क्षेत्रका कर्मचारी, एयर ट्राफिक कन्ट्रोलर (एटिसी), प्राविधिक, प्रशासनिक कर्मचारी, सुरक्षा निकाय, 'फायर फाइटिङ'का कर्मचारीले मेहनतकासाथ काम गरिरहेका छन् अनेकौं असहजताकाबीच यो स्तरको सेवा दिइएको छ, यसमा सबैले सकारात्मक कोणले हेर्नुपर्छ ।'

वायुसेवा सञ्चालक संघका अध्यक्ष मनोज कार्कीले उडान चाप व्यवस्थापन र हवाई सुरक्षाको पाटोलाई सम्पूर्ण एयरलाइन्सले तदारुकताका साथ ध्यान दिएर यात्रुलाई सुरक्षित तवरले गन्तव्यमा पुर्‍याइरहेको बताए । 'सबै हवाई सेवा कम्पनीले पूर्ण क्षमताका साथ उडान सञ्चालन गरिरहेका छौं, हवाई सुरक्षामा कुनै सम्झौता हुदैन, प्राविधिक जनशक्तिको क्षमता र विमानको क्षमता हेरेर आवश्यक जनशक्तिसहित व्यवस्थापन गरिएको छ,' उनले भने ।

यही असोज ११ र १२ गतेको अविरल वर्षाका कारण सडक अवरुद्ध हुदाँ रोकिएका यात्रु विभिन्न गन्तव्यमा पुग्न हवाई माग रोज्नुको विकल्प छैन । सडकमार्ग अवरुद्ध हुँदा अहिले हवाई उडानमा चाप रहेको र यसले एयरलाइन्सबीचको प्रतिस्पर्धा पनि बढाएको हवाई विज्ञ अच्युत पहाडीले बताए । 'फेयर फ्लाइटिङ र एयरलाइन्सको प्रतिस्पर्धाले पनि जोखिम बढी हुनसक्छ, हवाई सुरक्षाप्रति सतर्क हुनुपर्छ, हवाई सुरक्षालाई नियामक निकायले प्रभावकारी अनुगमन गर्नुपर्छ', पहाडीले भने ।

विमानस्थलका प्रवक्ता रिन्जी शेर्पाका अनुसार उडान चाप बढेपछि विमानस्थलमा एयर ट्राफिक चाप बढ्ने र उडान डिले हुने तथा होल्डमा बस्नुपर्ने अवस्था हुन्छ । नियामक प्राधिकरणले एयरलाइन्सको माग र विमानस्थलको क्षमताका आधारमा उडान अनुमति दिने गरेको छ ।

'एयरलाइन्सको मागअनुसार आवश्यकता हो की हैन प्राधिकरणले विमानस्थलको एयर ट्राफिक क्षमता, टर्मिनलको क्षमतालाई विचार गरेर अनुमति दिने गर्छ', प्रवक्ता शेर्पाले भने । विमान होल्ड हुनुमा विभिन्न कुराले काम गर्ने बताइन्छ । विज्ञहरूका अनुसार इन्स्टुमेन्ट फ्लाइट रुल (आइएफआर) उड्ने विमानको मापदण्ड बढी हुन्छ ।

'विमान आइएफआरमा उडेपछि उसको नियम र आफ्नै मापदण्ड अनुसार कुन ठाउँमा विमान पुगेपछि अर्को विमानलाई कहाँसम्म जान दिने भन्ने हुन्छ । आइएफआरको मापदण्ड अनुसार उड्नुपर्ने भएकाले मौसम जस्तो भएपनि मापदण्ड कडिकडाउ हुन्छ', प्रवक्ता शेर्पाले भन । भिजुअल फ्लाइट रुल (भीएफआर) उड्ने विमानको कम 'सेप्रेसन स्टान्डर मेन्टेन' गर्नुपर्ने हुन्छ । आइएफआरको मापदण्ड बढी भएकाले आवश्यकता, औचित्य हेर दिन मिल्ने नमिल्ने निर्णय लिइन्छ । *रासस*


## मोटरसाइकल हराएको सूचना

मिति २०८१।०६।१५ गते भक्तपुर जिल्ला, मध्यपुर ठिमी न.पा.-०६, कमेरोटार स्थित घरअगाडि पार्किङ गरिराखेको अवस्थामा सुन्तला, कालो रङ्को KTM Duke 200 cc मोटरसाइकल, दिनको १२:३० बजेतिर हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**धनीको नाम : पियुष वर श्रेष्ठ**
**बाइक नं.: बा. प्र. ०३-०४४ प १५३३**
**च्यासिस नं.: MD2JPCXA6PCO38688**
**इन्जिन नं. : P-936*19091***
**ठेगाना: भक्तपुर, मध्यपुर ठिमी ६, कमेरोटार**
**सम्पर्क: ९८६११८०३७३**


## पृष्ठ १ बाट क्रमशः

### बुद्धिमान ल्याउँदा...

यो भेलालाई राणा पक्षले लिङ्देन पार्टी अध्यक्ष कि गुटको अध्यक्ष भन्दै आलोचना गर्न थालेका छन् । उल्टै लिङ्देन पक्षले भने महामन्त्री राणापक्षले पार्टीमा गुटका रूपमा समानान्तर बैठक, प्रशिक्षणजस्ता गतिविधि सञ्चालन गरेको आरोप लगाउँदै आएको छ ।

राणा संयोजक रहेको केन्द्रीय आन्दोलन परिचालन समितिले यही ८ असोजमा 'आन्दोलनकेन्द्रित प्रशिक्षक प्रशिक्षण कार्यक्रम' आयोजना गरेको थियो । कार्यक्रममा अध्यक्ष लिङ्देन थिएनन् । तर, पार्टीका तत्कालीन कार्यवाहक अध्यक्ष बुद्धिमान तामाङ, वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र, उपाध्यक्ष ध्रुवबहादुर प्रधान, विक्रम पाण्डेलगायत नेता थिए ।

सोही प्रशिक्षण कार्यक्रमलाई लिङ्देन र उनीनिकट केही नेताहरूले गुटगत गतिविधिका रूपमा अर्थ्याउने गरेका छन् । तर, राणा पक्षले भने लिङ्देनले हालै बौद्धमा निकट नेताहरू भेला गरेर गुटको राजनीति गरेको आरोप लगाएको छ ।

हालै राणासहितका केहीलाई विभागीय प्रमुखबाट हटाउँदै आफूनिकट नेताहरूलाई जिम्मेवारी दिनुलाई पनि राणापक्षले लिङ्देनले गुटको राजनीति गरेको टिप्पणी गरेका छन् । यो विषयलाई राणा पक्षले अब बस्ने केन्द्रीय समिति बैठकमा उठाउने गरेको छ ।

●●●

### राणाको कारबाही...

विभागीय प्रमुख हेरफेर गर्ने विषयलाई संस्थापन (लिङ्देन) पक्षले भने अध्यक्षको अधिकार भन्दै आएको छ । महामन्त्री राणा पार्टीको केन्द्रीय आन्दोलन परिचालन समिति संयोजकसमेत भएकाले उनी दोहोरो भूमिकामा रहेको र सङ्गठन विभाग प्रमुखबाट हटाइएको पनि तर्क गर्दै आएका छन् ।

'हामी देशमा राजसंस्था फर्काउन चाहन्छौं । हिन्दुराष्ट्र पुनःस्थापना गर्न चाहन्छौं । त्यसका लागि हामीले गर्दै आएको आन्दोलनको नेतृत्वमा महामन्त्री डा. सा'ब हुनुहुन्छ', लिङ्देननिकट एक नेताले भने, 'आन्दोलनमा केन्द्रित हुनुपर्ने हुँदा उहाँलाई सोही भूमिकामा केन्द्रित गराउन हटाइएको ।'

पार्टी प्रवक्ता मोहनकुमार श्रेष्ठले बिहीबार जारी गरेको विज्ञप्तिमा विधानबमोजिम राणासहितका केही विभागीय प्रमुखहरूको जिम्मेवारी हेरफेर गरेको उल्लेख छ । जबकि, अध्यक्षलाई आमन्त्रित केन्द्रीय सदस्यमात्रै मनोनीत गर्ने अधिकार छ ।

●●●

### इजरायलभन्दा...

महासभाका दौरानमा इन्डोनेसिया र सर्बियाका विदेशमन्त्रीसँग द्विपक्षीय भेटवार्ता गर्दै नेपाल र ती देशबीच कूटनीतिक र विशेष (अफिसियल) राहदानी वाहकलाई भिसा छुट दिनेसम्बन्धी सम्झौतामा हस्ताक्षर पनि गरेकी थिइन् ।यसैक्रममा उनले वासिङ्टन पुगी नेपाल र अमेरिकाबीच द्विपक्षीय परामर्श संयन्त्र स्थापनासम्बन्धी सम्झौतामा पनि हस्ताक्षर गरेकी थिइन् । राष्ट्रसंघको साइडलाइनमा उनले राष्ट्रसंघका उपमहासचिवहरू, विभिन्न देशका मन्त्री तथा विदेशमन्त्रीहरूसँग पनि भेटवार्ता गरेकी थिइन् ।

त्यसपछि डा देउवा कतारको दोहामा आयोजित एसिडीको तेस्रो सम्मेलनमा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गरी सम्बोधन गरेकी थिइन् । सम्मेलनको 'साइडलाइड'मा परराष्ट्रमन्त्री डा देउवाले बिहीबार विभिन्न देशका उपप्रधानमन्त्री, विदेशमन्त्री एवम् मन्त्रीहरूसँग द्विपक्षीय भेटवार्ता गरेकी थिइन् । सम्मेलनमा एसिडी समूहमा आबद्ध एसियाली राष्ट्रहहरूका राष्ट्रपति, प्रधानमन्त्री, उपप्रधानमन्त्री, विदेशमन्त्री तथा मन्त्रीहरूको सहभागिता थियो ।


## कर्मचारी हटाइएको सम्बन्धी सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगारीका लागि इजाजत प्राप्त कम्पनी (इजाजत नम्बर १३०२/०७४/०७५) यस **LUCKY HUMAN RESOURCE PVT.LTD.** मा कार्यरत निम्न कर्मचारीहरू हाल यस कार्यालयम कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निजहरूसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी विरोध भएमा ७ (सात) दिनभित्र यस प्रा.लि. मा वा बैदेशिक रोजगार कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| नाम | ठेगाना |
|---|---|
| दामोदार श्रेष्ठ | भिमेश्वर ३, दोलखा, जनकपुर, नेपाल |
| मनिता सुन्चुरी कार्की | इटहरी ७,मोरङ, कोशी, नेपाल |
| सरिता कुमारी चौधरी | कनकपत्ति ६, धनुषा, जनकपुर, नेपाल |

**Lucky Human Resource Pvt.Ltd.**
Pingalasthan-08. Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401
E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८१/०६/१९**

कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भएको प्रा. लि. नं. २७५३३४ को साविक **सिद्धार्थ टेक प्रा. लि.** कम्पनीको नाम परिवर्तन भई अबउप्रान्त **सिद्धार्थ लिंक प्रा. लि.** कायम हुने गरि कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८१/०६/०९ मा स्वीकृती प्राप्त भईसकेकोले सोही बमोजिम हुने व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सिद्धार्थ टेक प्रा. लि., का.म.न.पा. ३२, कोटेश्वर,काठमाडौ**

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८१/०६/१९**

कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भएको प्रा. लि. नं. १६०८१८ को साविक **सिद्धार्थ स्वीट्स एण्ड बेकरी प्रा. लि.** कम्पनीको नाम परिवर्तन भई अबउप्रान्त **सिद्धार्थ बेक्स प्रा. लि.** कायम हुने गरि कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति : २०८१/०६/१० गते समेत स्वीकृती प्राप्त भईसकेकोले सोही बमोजिम हुने व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सिद्धार्थ स्वीट्स एण्ड बेकरी प्रा. लि., का.म.न.पा. ३२, कोटेश्वर,काठमाडौ**

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८१/०६/१९**

कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भएको प्रा. लि. नं. १५९९८० को साविक **सिद्धार्थ इन्स्टिच्युट अफ हस्पिटालिटी प्रा. लि.** कम्पनीको नाम परिवर्तन भई अबउप्रान्त **सिद्धार्थ एकेडेमिया एण्ड रिसर्च सेन्टर प्रा. लि.** कायम हुने गरि कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति : २०८१/०६/०९ गते समेत स्वीकृती प्राप्त भईसकेकोले सोही बमोजिम हुने व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सिद्धार्थ इन्स्टिच्युट अफ हस्पिटालिटी प्रा. लि., का.म.न.पा. ३२, कोटेश्वर,काठमाडौ**

## दावी विरोध सम्बन्धी वैदेशिक रोजगार विभाग काठमाडौंको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजतपत्र प्राप्त संस्था **श्री Minawa Recruitment H.R. Pvt. Ltd. (ई.प.नं. ११६८/०७३/०६४) ले** यस विभाग समक्ष झापा जिल्ला विर्तामोड नगरपालिका वडा नं. ०४ स्थित शाखा कार्यालय रद्द गरी धरौटी रकम फिर्ता गरी पाउँ भनी निवेदन पेश गरेकोले सो सम्बन्धमा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सवुद प्रमाण सहित **वैदेशिक रोजगार विभाग**मा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको मिति २०८१/०६/१६ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शाखा कार्यालयको इजाजतपत्र रद्द गरी धरौटी रकम फिर्ता भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

## कतारमा रोजगार

**कम्पनी: Q-TEC FACILITIES MANAGEMENT WLL** **शहर: Qatar**

पूर्व स्वीकृत मिति : २०८१/०६/१८ LT. No. 311825 चलानी नं ६०२२६२५५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | A/C Technician (H/L) | 5 | 0 | 1200 | ४४,२३७ | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 3 | 0 | 1700 | ६२,६६९ | | | | | | | |
| 3 | Electrician (Maintenance) | 5 | 0 | 1200 | ४४,२३७ | | | | | | | |
| 4 | Foreman | 3 | 0 | 2500 | ९२,१६० | | | | | | | |
| 5 | Mason For Plaster ./ Block | 5 | 0 | 1200 | ४४,२३७ | | | | | | | |
| 6 | Unskilled Labourers | 10 | 0 | 1000 | ३६,८६४ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज २६ गते (12th Oct. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने /नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोषकसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रु. २३०८/- कामदारले तिर्ने | रु. १५००/ कामदार आफैंले | नि:शुल्क | रु. ७००/- कामदारले तिर्ने | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Lucky Human Resource Pvt.Ltd.**
Pingalasthan-08. Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401
E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np
श्रम ईजाजत नं. 1302/074/075

## बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
### डिभिजन वन कार्यालय, सिन्धुली

**वेवारिसे अवस्थामा बरामद भएको काठको हकदावी माग सम्बन्धी सूचना**

सूचना प्रकाशन मिति: २०८१/०६/१९

इलाका प्रहरी कार्यालय डकाहा, सिन्धुलीले गस्ति गर्ने क्रममा मिति २०८१/०६/०६ गते जिल्ला सिन्धुली दुधौली न.पा. ८ देउराली स्थित फेदी खोर भन्ज्याङ सामुदायिक वन नजिकै फेला पारि बरामद गरेको साल जातको विभिन्न नापसाइजका चिरान काठ थान १०१ को ५७.५२ क्यूफिट काठ डिभिजन वन कार्यालय, सिन्धुलीको परिसरमा सुरक्षित साथ घाटगद्धी गरी राखिएको र उक्त काठको सम्बन्धमा कोही कसैको हक प्रमाण पुग्ने भए यो सुचना प्रकाशित भएको आधारमा वन नियमावली, २०७९ को नियम १२४ को उपनियम (२) अनुसार सोही नियमको उपनियम (३) मा रहेको व्यवस्था अनुसारका तपशिल बमोजिमका आवश्यक कागजात प्रमाण सहित हकदावीको लागि आजको मितिले ३० (तीस) दिन भित्र डिभिजन वन कार्यालय सिन्धुलीमा निवेदन पेश गर्नु हुन यो प्रकाशन गरी सूचना टाँस गरिएको छ । तोकिएको समय भित्र हकदावी गर्न नआएमा वा हकको प्रमाण नपुर्याएको सुचना अवस्थामा वन ऐन, २०७६ को दफा (३९) बमोजिम काठको स्वामित्व प्रदेश सरकारको हुनेछ ।

तपशिल

१. काठ प्राप्त गरेको वा काठको स्वामित्व प्रमाणित हुने प्रमाण कागजात,
२. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र,
३. अन्य कुनै हकदावी सावित हुने प्रमाण ।


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

शनिबार, १९ असोज, २०८१

| | |
|---|---|
| **मेष** | परिस्थितिवश विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला । |
| **वृष** | आफ्नै बेहोसीले नोक्सान पुर्याउला। |
| **मिथुन** | समय फुर्सदिलो रहनाले भेटघाट गर्ने अवसर हुनेछ। |
| **कर्कट** | शुभचिन्तकहरुको साथले काममा उत्साह जाग्नेछ । |
| **सिंह** | केही काम रोकिनाले रकम हातलागी नहुन सक्छ। |
| **कन्या** | कमजोरीले केही समस्या उब्जाए पनि कार्य सम्पादन । |
| **तुला** | रोकिएका काम बन्नाले उत्साह जाग्नेछ । |
| **वृश्चिक** | परिबन्धले अप्ठ्यारो स्थिति निम्त्याउन सक्छ। |
| **धनु** | धर्मकर्म र सेवामूलक काममा प्रवृत्त गराउनेछ। |
| **मकर** | मान्यजनको मार्गदर्शन अनुचित लाग्नेछ । |
| **कुम्भ** | परिस्थिति सोचेजस्तो लक्ष्य प्राप्तिमा विलम्ब हुनेछ । |
| **मीन** | अवसर प्राप्त भए पनि उपलब्धि हातपार्न समय लाग्नेछ |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ नि:शुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| नि:शुल्क होमियो दातव्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१९ असोज, २०८१ (०५ अक्टुवर, २०२४)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३४.०६ | १३४.६६ |
| युरो | १ को | १४८.०२ | १४८.६८ |
| पाउन्ड स्टिर्लङ | १ को | १७५.६६ | १७६.४४ |
| स्विस फ्रैन्क | १ को | १५७.७७ | १५८.४८ |
| अस्ट्रेलियन डलर | १ को | ९१.७४ | ९२.१५ |
| क्यानाडियन डलर | १ को | ९९.०२ | ९९.४६ |
| सिङ्गापुर डलर | १ को | १०३.३६ | १०३.८२ |
| जापानी येन | १० को | ९.१३ | ९.१७ |
| चिनियाँ युआन | १ को | १९.१० | १९.१९ |
| साउदी अरब रियाल | १ को | ३५.७२ | ३५.८८ |
| कतारी रियाल | १ को | ३६.७८ | ३६.९४ |
| थाई भाट | १ को | ४.०५ | ४.०६ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.५० | ३६.६६ |
| मलेसियन रिङ्गेट | १ को | ३१.७६ | ३१.९० |
| दक्षिण कोरियन वन | १०० को | १०.०४ | १०.०९ |
| स्विडिस क्रोनर | १ को | १३.०२ | १३.०८ |
| डेनिस क्रोनर | १ को | १९.८४ | १९.९३ |
| हङकङ डलर | १ को | १७.२६ | १७.३४ |
| कुवेती दिनार | १ को | ४३८.२० | ४४०.१७ |
| बहराइन दिनार | १ को | ३५५.५७ | ३५७.१६ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# बिपी राजमार्गसहित भित्री सडक बगेपछि जनजीवन कष्टकर



■ पेमा लामा

**धुलिखेल–** नमोबुद्ध नगरपालिका-५ ल्हासकोटका धनकुमार लामाले अविरल वर्षाका कारण गएको बाढीपहिरोले बाटो टुटेपछि पसलमा भएको सामान सबै रित्तिसकेको बताए । दसैं पर्व नजिकिँदै गर्दा घरमा खानालाउनसमेत समस्या रहेका नागरिकका लागि तत्काल बाटो खुलाएमा सहजता हुने उनको अपेक्षा थियो ।

रोशी गाउँपालिका-७ थान्सिङबेँसीस्थित अमरनाथ प्राविकी शिक्षिका अनिता गौतमले तत्कालको समस्या बाटो, खाद्यान्न र सञ्चार भएकाले राज्यले त्यसमा पहिला ध्यान पुऱ्याउन आवश्यक रहेको बताइन् । बाटो नै नभएपछि नागरिक खाद्यान्न र राहतलगायतका समस्यामा रहेको उनले सुनाइन् । रोशी गाउँपालिका-७ कै अर्का स्थानीय लोकनाथ गौतमले बाढीपहिरोबाट बढी क्षति हुनुको कारण खानी तथा क्रसर भएको भन्दै अबका दिनमा राज्यले अवैध उद्योगलाई नियमन गर्नुपर्ने बताए ।

असोज १० देखि १२ गतेसम्म परेको अविरल वर्षाका कारण गएको बाढीपहिरोले गाउँबस्तीदेखि सडक, पुल र विद्युत्को पोल ढालेपछि अहिले यातायात, विद्युत् र सञ्चार सेवा टुटेको छ । विपद्मा परेर धेरैले ज्यान गुमाउनेदेखि घाइते भएर धेरै मानिस अस्पतालमा उपचाररत छन् । सडकमा यात्रा गरेका यात्री बीच बाटोमा अलपत्र परेर गन्तव्यमा पुग्न अहिले पनि भोकभोकै कठिन यात्रा गर्दै छन् ।

बाढीपहिरोका कारण यहाँका नागरिक जीवन कष्टकर बन्दै गएको छ । त्यस्तै कष्टकर जीवन जिउन बाध्य हुनेमा रोशीखोला आसपासका धेरै नागरिक छन् । यहाँका पसलमा उपलब्ध चाउचाउ र बिस्कुट पनि किन्नसक्ने अवस्था छैन । त्यसो त पसलेले नयाँ सामान ढुवानी गरेर बेच्नसक्ने अवस्था पनि छैन । रोशीमा गएको बाढीपहिरोले बिपी राजमार्गका विभिन्न खण्डमा क्षति पुऱ्याएपछि दैनिक हजारौंको संख्यामा गुड्ने सवारीसाधन अहिले ठप्प छ । राजमार्गका दर्जनौं ठाउँमा बाढीले कटान गरी क्षति पुऱ्याएको छ भने अधिकांश ठाउँमा पुरिएको अवस्था छ ।

बिपी राजमार्ग अहिले सुनसान छ । राजमार्गमात्र सुनसान छैन, त्यस आसपासका बस्तीमासमेत सुनसान छाएको छ । बाढीपहिरोले सडक, विद्युत्को पोल, खानेपानी पाइपलगायत भौतिक संरचना ध्वस्त बनाएपछि अहिले सो क्षेत्रका नागरिकलाई खाद्यान्न, बिजुली, सञ्चार र स्वास्थ्योपचारमा समस्या परेको छ । त्यस्तै बाढीले रोशीखोला आसपासमा रहेका सयौं रोपनी खेतीयोग्य जमिनसँगै लगाएको बालीसमेत बगाएको छ ।

रोशी गाउँपालिका अध्यक्ष दिनेश लामाले बाढीपहिरोका कारण बाटो, विद्युत् र सञ्चार टुटेकाले समुदाय र पालिकाबीचको सम्बन्ध नै टुटेको अवस्था रहेको बताए । यस्तो अवस्थाकै बीचमा पनि पहिलो प्राथमिकता खोज तथा उद्धारमा दिएको र सँगसँगै अवरुद्ध बाटो खुलाउनेदेखि राहत तथा स्वास्थ्योपचारमा केन्द्रित भएर काम गरिरहेको उनले बताए । पूर्व जाने छोटो दूरीको राजमार्गलाई दसैं अगाडि नै खुलाउनेगरी वैकल्पिक मार्ग निर्माणको कामलाई अगाडि बढाएको उनले बताए । एकातिर विपद्मा परी नागरिक घाइते र पीडामा छन् भने अर्कातिर खाद्यान्न अभाव र बिरामी परेका नागरिकले समयमा नै उपचार नपाएर आक्रान्त बनेका छन् ।

सडक डिभिजन कार्यालय भक्तपुरका कर्मचारी चन्द्रबहादुर लामाले सडक खुलाउन निरन्तर आफूहरू स्काभेटरलगायत उपकरणसहित अस्थायीरूपमा वैकल्पिक बाटो बनाउने क्रममा रहेको बताए । अहिले बिपी राजमार्गको काभ्रेपलाञ्चोक नमोबुद्ध नगरपालिका चौकीडाँडाबाट रोशी गाउँपालिका-१२ को बर्खिखोला सिन्धुलीको सिमानासम्मको करिब २० किलोमिटर सडकका विभिन्न स्थानमा अस्थायी वैकल्पिक मार्ग निर्माण गर्न हेलिकप्टरमा इन्धन ढुवानी गरी काम गरिरहेको सडक डिभिजन कार्यालयले जनाएको छ । पछिल्ला तीन दिनमा मंगलटारबाट बुलढुंगासम्म चार किलोमिटर बाटो बनिसकेको जनाइएको छ ।

सडक, विद्युत् र सञ्चार सम्पर्क टुटेको जिल्लाका विकट क्षेत्र डाँडापारिस्थित महाभारत गाउँपालिका र खानीखोला गाउँपालिका तथा कोशीपारिको भुम्लु र चौँरीदेउराली गाउँपालिकाले क्षति पुगेको सडकखण्ड मर्मत गरी सवारीसाधन सञ्चालनका लागि काम अगाडि बढाएको छ । महाभारत गाउँपालिकाको जनमुक्ति लोकमार्गको चारकिल्ला भूमिचुली-राजबास हुँदै बिपी राजमार्ग जोड्ने र चारकिल्ला गाउँपालिका केन्द्र देवीटार गोकुले खण्डसम्म खोल्ने प्रयास जारी रहेको गाउँपालिका अध्यक्ष कान्छालाल जिम्बाले बताए । खानीखोला गाउँपालिकाले पालिका केन्द्र तालढुंगाबाट जिल्ला सदरमुकाम जोड्ने सडकखण्डअन्तर्गत खोपासी-तालढुंगा सडक खुलाउने प्रयास भइरहेको अध्यक्ष इन्द्रबहादुर थिङले बताए । बिपी राजमार्गको धुलिखेल-भकुण्डे-चौकीडाँडा र काभ्रेभञ्ज्याङ-फूलबारी-नमोबुद्ध-दाप्चा सडकखण्ड सञ्चालन भइसकेको उनले जानकारी दिए ।

काभ्रेपलाञ्चोकका प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालले घाइते र समस्यामा परेकाहरूको अझै उद्धारको काम जारी रहेको बताए । त्यससँगै सर्वदलीय बैठक, सहयोगी निकायलगायतसँग बैठक बसी विभिन्न १० वटा क्लस्टर निर्माण गरी खानेपानी, स्वास्थ्य, खाद्यान्न, कृषि, बाटो, बिजुली, सञ्चारलगायत क्षेत्रमा काम गर्नका लागि आवश्यक निर्देशन दिइसकेकामा सोहीअनुसार काम अगाडि बढेको बताए । *रासस*



**पूजा आराधना |** काठमाडौंको मैतिदेवी मन्दिरमा दसैं नवरात्रको दोस्रो दिन शुक्रबार पूजा आराधना गर्दै भक्तजन ।

*तस्बिर: हरिराम भेटुवाल/रासस*

# राहत सामग्री नपाएको बाढीपीडितको गुनासो

**सुनसरी (प्रस)–** जिल्ला सदरमुकाम इनरुवा-९ बबियाका कुमारी खत्वेको घरका सबै चिज बाढीले बगायो । यही असोज १२ र १३ गते सुनसरी खोलाको बाढी खत्वेको घरमा पसेपछि सबै थोक बगाएको हो ।

बाढीले खाना पकाउने भाँडावर्तन बगायो भने घर अझै ओभाएको छैन । विस्थापित भएकी कुमारीको घरमा शिशुलाई स्तनपान गराउने ठाउँसमेत छैन । आँगनमा हिलो हुँदा खाना पकाउन समस्या छ । अहिलेसम्ममा यहाँका पीडित परिवारलाई कतैबाट सहयोग प्राप्त नभएको पीडित सत्रुघन खत्वेले बताइन् । बाढीका कारण बबियामा खत्वे टोलका मात्र करिब ४० घरपरिवार प्रभावित छन् ।

सुनसरी खोलामा आएको बाढीले इनरुवा-४ र ९ मा असर पुऱ्याएको छ । घरमा हिलो र बाहिर पानी भएकाले दिसापिसाब गर्नसमेत समस्या भएको स्थानीय खत्वेको भनाइ छ । बाढीपीडित पाँच दिनदेखि एक छाक भुजा खाएर बसेको विस्थापित अनुशा मरिकले बताइन् । वडा कार्यालयले पीडितका लागि भुजा चिउरा सहयोग गरेको इनरुवा-९ का अध्यक्ष वसिरमुद्धिन मन्सुरीले जानकारी दिए ।

गत साताको अविरल वर्षासँगैको बाढीले घर डुबानमा परेका खत्वे, मरिक र सदा सुकुम्बासीको आठ परिवार सबैभन्दा बढी समस्यामा छन् । मजदुरी गरेर खाने उनीहरू बाढीपछि काम नपाउँदा भोकभोकै बस्न बाध्य भएको खत्वेले बताइन् ।

पीडितको गुनासो सुन्न कोही नआएको र विद्यालयमा बस्दै आएको पीडित बताउँछन् । तीनै तहको सरकारले पीडितलाई गाँस, बास, कपासका लागि सहयोग नगरेको उनीहरूको गुनासो छ । पीडित परिवारलाई दुई दिनअघि मात्र राहत सामग्री वितरण गरेको र कोही भोकभोकै बस्नु नपरेको इनरुवा-४ का वडाध्यक्ष बौवालाल मेहताले दाबी गरे । पीडितलाई थप सहयोगका लागि जिल्ला प्रशासन कार्यालयमार्फत पहल भइरहेको उनले बताए ।

इनरुवा नगरपालिकाका प्रमुख केदार भण्डारीले नगर क्षेत्रका बाढीपीडितलाई वडाबाट राहत सामग्री वितरण भएको बताए ।

## काठ र दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/०६/१९**

चेतनशिल सामुदायिक वन उपभोक्ता समूह, शिवराज न.पा.-०३, मैनार बुलकिया कपिलवस्तुको वन क्षेत्र बाट नियमानुसार आ.व.२०७९/०८० मा संकलन गरी उत्पादन भएका काठरदाउरा सा.व.उ.स. को घाटगद्दीमा लट बनाई राखिएको साल जातको गोलिया थान ९०८ को ८६९८.०१ क्यू. फि. काठ, अस्ना जातको गोलिया थान २७२ को २२५७.६२ क्यू. फिट काठ, कर्मा जातको गोलिया थान २५ को ३१७.९४ क्यू. फिट काठ, जामुन जातको गोलिया थान ७८ को ४३४.५५ क्यू. फिट काठ, अन्य (बाझी, दवदवे, असिद, आदि) जातको गोलिया काठ थान १८९ थानको को १०६६.५२ क्यू. फिट काठ गरी कुल गोलिया थान १४६३ को १२७७४.६४ क्यू.फिट काठ र साल जातको दाउरा १४ चट्टा र मिश्रित दाउरा ७.७५ चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । रितपुगेका इच्छुक वन पैदावारमा आधारित (काठ/दाउरा) संचालनमा रहेका उद्योगहरूले मात्र यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन सम्ममा बोल पत्र खरिद गरि २२ औं दिन भित्रमा सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री चेतनशिल सामुदायिक वन उपभोक्ता समूह,**
**शिवराज न.पा -०३, मैनार बुलकिया कपिलवस्तु**


## कुवेतमा रोजगार

कम्पनी : Lamar & Mayar Cosmetic Art Consulting Company

पूर्व स्वीकृति मिति : २०८१/०६/१६ | LT. No. 311702 | चलानी नं. ६०२२६२२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Nail Technicians | 0 | 5 | 150 | ६५,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज २६ गते (12th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Green Tara International Overseas Services Pvt. Ltd.**
Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015442013/14, Email: greentara.overseas@gmail.com, Website : www.greentaraintl.com



## युएईमा रोजगार

कम्पनी : ELITE OVERSEAS BUILDING CONTRACTING L.L.C

पूर्व स्वीकृति मिति : २०८१/०६/१५ | LT. No. 311621 | चलानी नं. ६०२२६१३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Mason | 5 | 0 | 3600 | १३१,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Civil Foreman carpentry & Joinery | 2 | 0 | 1500 | ५४,८९५ | | | | | | | |
| 3 | Concrete Masons | 4 | 0 | 2500 | ९१,४९५ | | | | | | | |
| 4 | Electrician Assistant | 1 | 0 | 2500 | ९१,४९५ | | | | | | | |
| 5 | Painter | 1 | 0 | 1000 | ३६,५९५ | | | | | | | |
| 6 | Plasterer | 5 | 0 | 1000 | ३६,५९५ | | | | | | | |
| 7 | Plumber | 5 | 0 | 3000 | १०९,७९५ | | | | | | | |
| 8 | Steel Fixer | 2 | 0 | 3000 | १०९,७९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज २६ गते (12th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SADIKSHA OVERSEAS PVT LTD**
Samakhusi-29, Kathmandu, Nepal, Tel: (977)-1-4380181/4288200
Email: info@sadiksha.com.np, Web: www.sadikshaoverseas.com.np
Govt. License 769/065/066



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : URBAN HOSPITALITY SERVICES

पूर्व स्वीकृति मिति २०८१/०६/१६ | LT. No. 311701 | चलानी नं. ६०२२६२२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GEN CLEAN WORKER | 43 | 15 | 1000 | ३६,८५० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छैन | | २ वर्ष |
| 2 | WAITER | 15 | 0 | 1400 | ५१,५९५ | | | | | | | |

अन्तरवार्ता संस्थाको कार्यालयमा ललितपुरमा २०८१ असोज २६ गते (12th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमाकसले व्योहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्योहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रोजगारदाता कम्पनीले व्यहोर्ने सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Paramount Employment Consultant Pvt. Ltd.**
PARAMOUNT
श्रम ईजाजत नं. ४१७/०६०/६१
P.O.Box: 24009, Balkumari, Lalitpur, Tel: 01-5186269, 5186052
Email: admin@paramount-consultant.com, Web: paramountconsultant.com



## साउदीमा रोजगार

कम्पनी : Fast Buildings Contracting Company

पूर्व स्वीकृति मिति : २०८१/०५/१७ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०६/१८ | LT. No. 310010 | चलानी नं. ६०२२४६०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 3 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज २६ गते (12th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ९५४/०६७/६८
**VARSHA MANPOWER PVT. LTD.**
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944



## कुवेतमा रोजगार

कम्पनी : PARKNWASH FOR CAR POLISHING AND PROTECTION CO WLL

पूर्व स्वीकृति मिति : २०७९/१२/२० | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०६/१८ | LT. No. 283953 | चलानी नं. ६०१९९३३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Supervisor | 5 | 0 | 180 | ७९,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Manager | 1 | 0 | 500 | २१९,६९५ | | | | | | | |
| 3 | Light Driver | 4 | 0 | 135 | ५९,३२० | | | | | | | |
| 4 | Cleaner(Indoor) | 218 | 0 | 90 | ३९,५४५ | | | | | | | |
| 5 | Accountant | 3 | 0 | 200 | ८७८८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज २६ गते (12th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**DESTINY HR GROUP (P) LTD** (Wide Range H.R. Pvt. Ltd)
Sinamangal-9, Kathmandu, Nepal. Phone: 01-5913085, 01-5914085,
Mobile: 9851164801, Email: destinyhrgrp2079@gmail.com
श्रम ईजाजत नं. १५५२/०७९/०८०



## साउदी/युएईमा रोजगार

कम्पनी : NIZAR AL-KURDI AL-MILLI LABORATORY COMPANY | सेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति २०८१/०६/१७ | LT. No. 311789 | चलानी नं. ६०२२६२५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load & Unloading Workers | 1 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : National Blue Company For General Contracting | सेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति २०८१/०६/१७ | LT. No. 311788 | चलानी नं. ६०२२६२५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labors | 3 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Maintenance Supervisor | 2 | 0 | 2500 | ८९,४९५ | | | | | | | |

कम्पनी : ALAM SIMSIM KIDS HAIRDRESSING SALON | सेवा शुल्क: नि:शुल्क

पूर्व स्वीकृति मिति २०८१/०६/१७ | LT. No. 311287 | चलानी नं. ६०२२६२५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | MANICURE PEDICURE | 0 | 2 | 1200 | ४३,९१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज २६ गते (12th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Honesty Overseas Pvt.Ltd.** License No. : 1000/068/69
Basundhara Chowk-8, Kathmandu, Nepal, Phone No.: +977-1-4364494, 4352243, Email : honestyoverseas@gmail.com,Web: www.honestyoverseas.com.np



## साउदीमा रोजगार

कम्पनी : AL NAJM AL THAQIB SCAFFOLDING CO.

पूर्व स्वीकृति मिति : २०८१/०६/१७ | LT. No. 311729 | चलानी नं. ६०२२६२३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolding Erector | 8 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ASALAH AL SHOROUK MANUFACTURING FACTORY

पूर्व स्वीकृति मिति : २०८१/०६/१७ | LT. No. 311731 | चलानी नं. ६०२२६२३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Welder | 2 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Manufacturing Worker | 1 | 0 | 1000 | ३५,५३५ | | | | | | | |

कम्पनी : MUTAB BIN HADI AL HAMAM CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०६/१७ | LT. No. 311730 | चलानी नं. ६०२२६२३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolding Erector | 3 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : UNITED RESERVOIRS FOR GENERAL CONTRACTING EST

पूर्व स्वीकृति मिति : २०८१/०६/१७ | LT. No. 311732 | चलानी नं. ६०२२६२३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 2 | 0 | 1800 | ६४,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ROSARI TRADING COMPANY IS A ONE PERSON COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०६/१७ | LT. No. 311728 | चलानी नं. ६०२२६२३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 1 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL NAJM AL THAQIB SCAFFOLDING CO.

पूर्व स्वीकृति मिति : २०८१/०६/१७ | LT. No. 311733 | चलानी नं. ६०२२६२३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolding Erector | 3 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज २८ गते (14th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Kantipur Manpower Service P. Ltd.** License No. : 523/061/062
Samakhusi -03, Kathmandu, Nepal. Tel: 4979555/4979666/4979777
Email: info@kantipurmanpower.com, Web: www: kantipurmanpower.com

मिथिलाञ्चलमा दसैंको रौनक

# घरआँगनमा गुञ्जिन थाल्यो झिझियाको लोकभाका



प्रत्येकको घरघरमा गई सामूहिक नृत्य गर्ने र त्यहाँबाट घरधनीले कोसेलीस्वरूप पैसा वा दालचामल सहयोग दिने चलन छ । झिझियालाई तन्त्रमन्त्र र जादूटुनाको परिचायक पनि मानिन्छ । तर, अन्धविश्वासभन्दा पनि सांस्कृतिक उत्थानका लागि यसको संरक्षण आवश्यक रहेको शिक्षा तथा संस्कृतिविद् डा. राजेन्द्र विमल बताउँछन् ।

**अजयकुमार साह/धनुषा**

तों'हरे भरोसे बरहम बाबा झिझिरी बनेलियै हो बरहम बाबा झिझिया पर होइयौ ने सवार अबोधबा बालक तोहर किछियो ने जनैछौं हो...'

दसैं सुरू भएसँगै जनकपुरधामसहित सम्पूर्ण मिथिलाञ्चलको घरआँगनमा अहिले यस्तै लोकभाकाका झिझियाका यस्ता गीतहरू गुञ्जिन थालेको छ । यतिबेला मधेस प्रदेशको राजधानी जनकपुरमा झिझियाको विशेष रौनक छाएको छ । जनकपुरधामका मठमन्दिर र दसैंका लागि बनाइएका भव्य पन्डालहरूमा प्रत्येक साँझ महिलाले झिझिया नृत्य गर्दै रमाइलो गर्ने गरेका छन् । मिथिलाञ्चलको प्रसिद्ध लोकनृत्य झिझिया अहिले कुनै पनि सांस्कृतिक कार्यक्रममा अनिवार्य हुन थालेको छ । यसको छुट्टै धार्मिक महत्त्व छ । यो मिथिलाको तान्त्रिक अनुष्ठानको नृत्य रहेको लोकमान्यता छ ।

मैथिलीका साहित्यकार तथा वरिष्ठ पत्रकार रामभरोस कापडी भन्छन्, 'दसैंका बेला बोक्सी (डाइन)ले मसान सिद्धि तथा तन्त्रमन्त्रको अनुष्ठान गर्छन् । र, सर्वसाधारणको ज्यान लिनसक्ने खालको शक्ति प्राप्त गर्छन् । त्यसैले यस्तो शक्तिको प्रतिवाद गर्न अर्को तान्त्रिक अनुष्ठानका रूपमा यो नृत्य आयोजना गरिने गरिएको जनविश्वास रहेको छ । घटस्थापनादेखि सुरू हुने झिझिया नृत्यको तयारी पनि विशेष हुन्छ ।'

कापडीले झिझिया नृत्य प्रारम्भ गर्न पूर्वतयारी गर्नुपर्नेबारे जानकारी दिँदै भने, 'एउटा वा दुईवटा सफा घैंटो किनेर त्यसलाई सफासुग्घर गरी घैंटोभरि प्वाल बनाइन्छ । घैंटोको मुखमा राखिएको ढकनामा आगो सल्काइन्छ । त्यसमा मट्टितेल हालेर बालिन्छ । त्यसपछि टाउकामा राखेर नृत्यका लागि झिझिया तयार हुन्छ । तर, टाउकामा राखी नृत्य गर्नुपूर्व झिझियालाई कुनै गुणी ओझाबाट मन्त्रद्वारा सिद्ध पारिन्छ ।'

बोक्सीको आँखा नलागोस् भनेर धामीद्वारा झिझियालाई मन्त्रसहित छेकबार गरिन्छ- 'सभ्य गुरुक बन्दे पाउँ । बजर केवाडी बजर बान्हो दशो दुआरी मटिया बान्हो, मसान बान्हो, टोना बान्हो, टापर बान्हो ।' यसरी मन्त्रिएपछि पाँचदेखि १५ जनासम्मका महिला टोलीमध्ये एक वा दुई महिला टाउकामा आगो बलिरहेको घैंटो राखेर विनाहातको सहारा लिई नाच्दै ब्रह्मस्थानमा पुगेर सबैभन्दा पहिले पूजा गरेर नृत्य गर्ने गर्दछन् । ब्रह्मस्थानमा नृत्य गरेलगत्तै झिझियाको औपचारिकरूपमा सुरू हुन्छ । त्यसपछि घरघरमा गएर नृत्य देखाउने परम्परा रहेको छ ।

क्षीरेश्वरनाथ नगरपालिका-६ नयाँटोलका पुरोहित इन्द्रकान्त झाका अनुसार झिझियामा भएको प्वाल तन्त्रमन्त्र गर्ने बोक्सी (डाइन)ले गन्न सफल भइहाले भने उनीहरू तन्त्र सिद्धि गरी निकै शक्तिशाली हुनसक्ने जनविश्वास छ । त्यसैले झिझिया टाउकामा राखेपछि महिला निरन्तर नाच्छन् । नाच सक्नेबित्तिकै दियो निभाएर झिझिया राख्ने गरिन्छ ।

अवकासप्राप्त शिक्षक तथा मैथिली संस्कृति जानकार तथा पुरोहित लालबाबु झा भन्छन्, 'महिलाद्वारा नै सञ्चालन र संयोजन हुने यो नृत्य मिथिलाञ्चलमा पारिवारिक सुरक्षाको लोक अनुष्ठानको रूपमा लिइन्छ । झिझिया नृत्य घटस्थापनादेखि सुरू भई दसैंसम्म प्रदर्शन गरिन्छ । गाउँघरमा झिझियामा १५-२० जनाको समूहले पारम्परिक वाद्यवादन ढोलक, झाइल, झामर लिएर गीत गाउँदै यो नृत्य गर्छन् ।'

प्रत्येकको घरघरमा गई सामूहिक नृत्य गर्ने र त्यहाँबाट घरधनीले कोसेलीस्वरूप पैसा वा दालचामल सहयोग दिने चलन छ । झिझियालाई तन्त्रमन्त्र र जादूटुनाको परिचायक पनि मानिन्छ । तर, अन्धविश्वासभन्दा पनि सांस्कृतिक उत्थानका लागि यसको संरक्षण आवश्यक रहेको शिक्षा तथा संस्कृतिविद् डा. राजेन्द्र विमल बताउँछन्, 'यो मिथिलाको लोक महत्त्वको नृत्य हो । त्यसैले यसलाई अन्धविश्वासका रूपमा लिनुहुँदैन ।'

यो नृत्य सातौं शताब्दीदेखि सुरू भएको मिथिला संस्कृतका जानकारहरू बताउँछन् । झिझिया नृत्यको महत्त्वपूर्ण पक्ष यसको गीत हो । यस्तै गीतको धुनसँगै झिझिया नृत्य सुरू हुन्छ । दसैंको आगमनसँगै बोक्सीलाई गाली गर्ने मिथिलाञ्चलको अनौठो तथा तान्त्रिक नृत्य झिझिया हो । नृत्यसँगै गाइने गीतमा बोक्सीलाई गाली पनि गरिन्छ । बोक्सीलाई गाली गरियो भने त्यसको मारक क्षमता कमजोर हुन्छ र बालबच्चाको सुरक्षा हुने जनविश्वास छ । झिझियालाई आजको दिनमा धार्मिक आस्थासँग जोडेर राख्न असजिलो छ तर यसको लोकसांस्कृतिक पक्षलाई संरक्षण संवर्द्धन गर्नु उचित देखिन्छ । यस नृत्यमा बोक्सीलाई गालीका साथै उसलाई धम्क्याउने काम पनि हुन्छ ।

### चलचल गे डैनिया कदम तर, तोरा बेटाके खैबौ बढमतर ।

विजयादशमीको आगमनसँगै मिथिलाञ्चलको गाउँटोलमा झिझिया नृत्य सुरू हुन्छ । मिथिला कला-संस्कृतिमा यो नाचको छुट्टै मौलिकता छ । तर, पछिल्लो समय यसको मौलिकता हराउँदै गएको स्थानीयवासी बताउँछन् । झिझियामा गाइने गीतमा भगवतीको प्रार्थना, बोक्सीलाई गाली तथा सन्ततिको दीर्घायुको कामना गरिएको हुन्छ । मिथिला नाटच कला परिषद् (मिनाप)ले नेपाल-भारतका विभिन्न ठाउँमा गरिने सांस्कृतिक कार्यक्रममा झिझियालाई विशेष प्रस्तुतिका रूपमा लिइने गरेको छ ।

मिनापले केही वर्षयता झिझियाको एक हजारभन्दा बढी नृत्य प्रदर्शन गरेको छ । जनकपुरधामकै देवीचोकमा रहेका राजदेवी युवा क्लबले दसैंको बेला प्रत्येक वर्ष झिझिया नृत्य प्रतियोगिताको आयोजना गर्ने गर्छ । दसैंकै बेला जनकपुरको राम युवा कमिटी, महावीर युवा कमिटी र रामानन्द युवा क्लबको भजन सन्ध्यामा झिझियाको विशेष प्रस्तुति हुने गर्छ । *रासस*

## थारु बस्तीमा 'सखिया' र 'झुमरा'

**देउखुरी (दाङ)**- दुर्गापक्षअन्तर्गत बिहीबार पहिलो दिन घरघरमा देवी दुर्गाको पूजा, आराधनाका साथ विधिपूर्वक घटस्थापना गरी जमरा राखेसँगै दसैंको सुरूआत भएको छ ।

थारू समुदायमा दसैं आउनुभन्दा एक महिना अघिदेखि सखिया र झुमरा नाच नाच्ने परम्परा रहेकाले यसको चहलपहल बढेको हो । झुमरा नाचमा दसैंविशेष विभिन्न सांस्कृतिक कार्यक्रम गरी रमाइलो गर्ने चलन रहेको घोराही उपमहानगरपालिका-६ का भीमबहादुर चौधरीले बताए ।

थारू जातिको पौराणिक भाषा, वेशभूषा, रहनसहन, संस्कार, कला तथा सांस्कृतिक परम्पराअनुसार सखिया र झुमरा नाच्ने गरिएको भन्दै यसको आफ्नै मौलिक पहिचार र महत्त्व रहेको उनले उल्लेख गरे । आर्थिक, सामाजिक तथा राजनीतिक हिसाबले पछि परे पनि सांस्कृतिक हिसाबले थारू जाति अगाडि रहेका चौधरीको भनाइ छ । थारू जातिले माघे संक्रान्तिलाई सबैभन्दा बढी महत्त्वका साथ मनाउने गर्दछन् । साथै अट्वारी, कृष्ण जन्माष्टमी, दसैं र तिहारलाई पनि धुमधामका साथ मनाउँदै आएका छन् ।

घोराही-१० की गरिमा चौधरी दसैंको तयारीमा जुटेकी छन् । उनले दसैंलाई चाहिने सबै सामग्रीको बन्दोबस्ती गरिसकेको बताइन् । दाउरा, पात खुटेर दुना, टपरी बनाउनुका साथै धान कुटपिस गरेर राखिएको उनको भनाइ छ । दसैंमा गाउँघरमा बाहिर गएका सबै आउने र भेटघाट हुने भएकाले रमाइलो हुने बताउँदै गरिमाले दिनभर घरको काम गर्ने र साँझको समयमा 'सख्या' नाच नाच्ने गरिएको जानकारी दिइन् ।

घोराही-६ का भीमबहादुरले दसैंमा पाठपूजाका साथै 'सख्या' नाचको ठूलो महत्त्व रहेको बताए । 'थारू जातिका युवतीले महाभारतमा आधारित कथालाई गीतको लयमा उनेर सख्या नाच नाच्ने गर्दछन्,' उनले भने, 'युवाको समूहले युवतीले गाएको गीतको लयमा मादल बजाउँछन् । यो नाच कृष्ण जन्माष्टमीको रातदेखि नाच्ने गरिन्छ ।'

महाभारत र कृष्ण लिलामा आधारित कथालाई गीतको लयमा 'सख्या' नाच र आफ्नो घरको कुलदेवतालाई पशुपन्छी बलि दिने, ढिक्री चढाउने, बाबरी फूल, मकैको जमरा, रक्सी र जल चढाउने, बेलको हाँगामा ढिक्री फलाउने, कुभिण्डोको भेडा बनाएर देउताको अगाडि बलि दिनेजस्ता धार्मिक काम पनि दसैंमा गरिने भीमबहादुरले जानकारी दिए ।

थारू समुदायमा नवमी धुमधामका साथ मनाइन्छ । सोही दिन चामलको सेतो टीका, बाबरीको फूल र मकैको जमरा मान्यजनबाट ग्रहण गर्ने प्रचलन रहेको भीमबहादुरले बताए । 'थारूहरूले नवमीको दिन बिहानै कुलदेवतालाई भेरवा (कुभिण्डोबाट बनाइएको भेडा) र भालेको बलि दिने र त्यसको पित्तर (पिण्ड) दिने चलन छ । त्यस दिन बलि दिइएको कुखुरा र कुभिण्डो पकाएर घरका सबैले खाने गर्छन्,' उनले भने ।

नवमीका दिन थारू युवायुवती रातभर सखिया र झुमरा नाच नाच्ने परम्परा रहेको घोराही-१ का विष्णु चौधरीले बताए । 'परम्परागत चाड दसैं अरू समुदायलेभन्दा थारू समुदायको फरक किसिमले मनाउने गर्दछन् । यो नाचले दसैंको रौनकलाई अझ बढाउने गर्दछ । प्रायः युवकले मादल बजाउने र युवती नाच्ने प्रचलन छ,' उनले भने ।

रंगीबिरंगी पहिरन लगाएर छमछमी नाच्ने भुमरा तथा सखिया नाचले दसैंको गरिमा र महत्त्व बढाएको थारू समुदायका अगुवा बताउँछन् । घटस्थापनाका दिनदेखि थारू बस्तीमा रमाइलो सुरू हुन्छ । थारू बस्तीको नाचगान हेर्न गाउँघरबाट सबै जम्मा हुने भएकाले यसले सामूहिक एकतालाई पनि प्रतिनिधित्व गर्ने विष्णुको भनाइ छ । *रासस*

# मिहेनत र संघर्षले दिलाएको कार्कीको सफलता



**विराट न्यौपाने/लमजुङ**

कामको खोजीमा वैदेशिक रोजगारमा जान तम्सिएका जो कोहीलाई सहजै भन्ने गरिन्छ, आफ्नै देशमा केही गरे के हुँदैन ? विदेश नै जानुपर्छ र ? विदेशमा गर्ने श्रम नेपालमै गर्ने हो भने यहाँ पनि केही गर्न सकिन्छ नि । यो त बेरोजगारी समस्या नभोगेकाले वा राजनीति गर्ने र समाजसेवीहरूले भन्ने र दिने उपदेशमात्र हो ।

देशमा केही गर्न खोज्दाखोज्दै पनि केही सीप नलागेपछि हार खाएर गाउँका थुप्रै ऊर्जाशील युवा अहिले विदेशमा आफ्नो श्रम बेचिरहेका छन् । विदेसिएका जति सबैले भनेजस्तो गर्न त सकेका छैनन् तर पनि केहीले भने राम्रो प्रगति गरेका छन् । आफूले भोगेको जस्तै समस्या अरूलाई नहोस् भन्नका लागि विदेशमा नेपालीलाई सहज हुनेगरी व्यावसायिक काम पनि गरेका छन् । उद्यम गर्ने आफ्नो सोचलाई विदेशमा पुगेर कतिपय युवाहरूले साकारसमेत पारेका छन् ।

आफ्नै देशमा केही गर्छु भन्दाभन्दै यहाँको प्रशासनिक झण्झट र बेथितिका कारण थाकेर आजित भई विदेसिनेहरूको भीडका एक व्यक्ति हुन् गुमानसिंह कार्की । लमजुङको सुन्दरबजार नगरपालिका-८, घोक्रेश्वाँराका कार्कीले पोर्चुगल पुगेर गरेको संघर्ष र मिहेनतले अहिले ७५ जनाभन्दा बढीलाई रोजगार दिएको छ । उनले पोर्चुगलबाट सुरू गरेको व्यवसाय अहिले भारत हुँदै काठमाडौंसम्म विस्तार भएको छ । आफ्नो व्यवसायबाट यति धेरै व्यक्तिलाई रोजगार दिन पाएकामा नै उनी खुसी छन् ।

'नेपालमा नै केही गर्छु भन्ने सोच नआएको पनि होइन,' उनी भन्छन्, 'गणित र राजनीतिशास्त्रमा स्नातकसम्मको अध्ययन गर्नेक्रममै केही व्यवसाय गर्ने सोचमा थिएँ । तर भनेजस्तो नभएपछि विदेश जाने सोच बनाएँ ।' उनले आइए पास गरेपछि केही समय बोर्डिङ स्कुलमा शिक्षण कार्य गरे पनि त्यसले आफैंलाई पालिन मुस्किल देखेपछि २०५८ सालमा वैदेशिक रोजगारमा दुबई गए ।

विदेशमा रहँदा पनि उनलाई स्वदेशमै आएर केही गर्छु भन्ने हुटहुटीले छाडेन । त्यही अठोटले उनलाई स्वदेश फर्कायो र दोभान इन्टरनेसनल नामक पेस्टिसाइडको कारोबार गर्ने कम्पनी स्थापना गर्ने तयारीमा जुटे । चीनबाट औषधि ल्याएर नेपालमा लेबलिङ गरी बिक्री गर्ने योजनाका साथ काम गर्न हरिहर भवनस्थित पेस्टिसाइड रजिस्ट्रेसन विभागमा जाँदा सात लाख रूपैयाँ घूस मागिएपछि हार खाएर त्यहीँ कागजपत्र च्यातेर फर्किए ।

यत्तिकैमा उनी निराश बनेनन् । युरोप जान पाए पैसा त कमाउन सकिन्थ्यो भन्ने सोच उनको मनमा पलायो । यसैअनुरुप सन् २०१३ को डिसेम्बरमा पर्यटक भिसा लिएर पोर्चुगल छिरेका उनी त्यहीँ कागजपत्र मिलाएर काम गर्न थाले । सुरूआती दिनमा ठूलो संघर्ष गर्नुपरेको कार्की बताउँछन् । संघर्षले मानिसको जीवनमा सफलता ल्याउँछ भन्ने तथ्य उनको जीवनमा पनि लागू हुन्छ । उनलाई पनि लाग्ने गर्छ, 'विदेशमा गरिएको जस्तै श्रम नेपालमा गर्ने हो भने यहीँको जीवन सरल र सहज छ । आफ्नै परिवेश राम्रो छ । यहीँको संस्कृति सुन्दर छ ।'

सुरूका दुई वर्षसम्म उनले पोर्चुगलमा सुन्तला र ऐँसेलु टिप्ने काम गरे । 'काम गर्दागर्दै त्यहाँको सबै रहनसहन बुझेँ, परिवेश थाहा हुँदै गयो, मानिसले कस्तो दुःख पाएका छन् भन्ने पनि देखियो,' उनी भन्छन्, 'यसले मलाई पनि मिहेनत गर्ने आँट जाग्यो । दुःखलाई अवसरका रूपमा लिन थालेँ ।' सुन्तला र ऐँसेलु टिप्ने काम छोडेर 'युरोफिम्स' नामक कम्पनीमा काम गर्न थाले । त्यहाँ थुप्रै नेपालीहरू काम गर्दथे । उनी पढेलेखेको हुनाले कम्पनीले मानव संशाधनको क्षेत्रको जिम्मेवारी दियो ।

कम्पनीमा राम्रै आम्दानी पनि थियो । तैपनि सधैंभरि अरूको काम गरेरमात्र आफ्नो प्रगति नहुने र क्षमतावान व्यक्तिले आफ्नै काम गर्नुपर्छ भन्ने कुरा राम्रैसँग बुझेका गुमानसिंहले सन् २०१७ को अन्त्यतिर थ्री स्टार कन्सल्टेन्सी नामक कम्पनी खोले । यस कम्पनीले पोर्चुगलभित्र रहेका दक्षिण एसियाका व्यक्तिहरूको डकुमेन्टेसनसम्बन्धी काम गर्दथ्यो । यसै कम्पनीमा काम गर्दा उनले दक्षिण एसियाका कामदारहरूले पाइरहेको दुःखलाई नजिकबाट अनुभव गर्ने अवसर मिल्यो ।

उनीहरूमध्ये धेरैले त्यहाँको भाषा, संस्कृति र कागजात मिलाउन नसक्दा लामो समयसम्म युरोप बस्ने सपना तुहाइरहेका थिए । लामो समय बस्दा पनि कागजपत्र मिलाउन नसकेर दुःख पाएका दक्षिण एसियाका कामदारहरू देखेर उनीहरूको कार्यमा सघाउने योजना बताए । सोहीअनुरूप 'ओला अमिगी कल्चर एण्ड ल्याङ्ग्वेज एसोसिएसन' नामक कम्पनी स्थापना गरी पोर्चुगलको संस्कृति र भाषा सिकाउन थाले ।

उनको व्यावसायिक योजना यतिकैमा टुंगिएन । सन् २०१८ मा पोर्चुगलको 'लिजवनमा थ्री स्टार एकाउन्टिङ' नामक कम्पनी खोली व्यवसायसँग सम्बन्धित लेखापरीक्षणलगायत काम गर्न थाले । उनको यो कम्पनी अहिले विस्तार भएर विशाल कम्पनी बनिसकेको छ । पोर्चुगलमा यसका दुईवटा शाखा छन् भने भारत र काठमाडौंमा पनि शाखा रहेका छन् । कम्पनीमा हाल २५ जना पूर्णकालीन र ५० भन्दा बढीले आंशिकरूपमा रोजगारी पाएका छन् । उनका अनुसार रोजगार पाउनेमा ५० प्रतिशतभन्दा बढी नेपाली नै छन् । व्यवसायलाई अहिले श्रीमती र छोराहरूले पनि सघाउन थालेपछि अब उनलाई व्यवसायको खासै चिन्ता छैन । चिन्ता छ त केवल आफ्नो जन्मभूमि र आफ्नै देशको । त्यसैले त कार्की अहिले पैत्रिक थलोमा आएर फरक किसिमको सोचका साथ काम गरिरहेका छन् ।

विदेसिनेहरू उतै बस्छन् भन्ने आमबुझाइलाई चिर्दै उनले गाउँमा एउटा आवासीय भवन निर्माण गरेका छन् । लमजुङको भोटेवडारबाट बेंसीसहर जाने बाटोबाट करिब २०० मिटर माथि एक करोड ५० लाख रूपैयाँको लगानीमा उनले बनाएको पर्यटकीय आवाससहितको भवनमा पारिवारिक शैलीमा आफैं पकाएर खान, नाचगान, भजनकीर्तन गर्न सकिन्छ । माछापोखरी, पार्क अन्य आवश्यक सुविधासहित निर्माण गरिने उक्त स्थान पुरै पर्यटकीय परिवेशको हुने उनी बताउँछन् । कार्की विभिन्न सामाजिक संस्थाहरूमा संलग्न समाजसेवामा उत्तिकै व्यस्त देखिन्छन् । *रासस*

प्रभाव दैनिक


रूपशाला

## 'पूर्ण बहादुरको सारंगी'को नयाँ गीत 'मैभारो' सार्वजनिक

फिल्म 'पूर्ण बहादुरको सारङ्गी'को नयाँ गीत 'मैभारो' सार्वजनिक भएको छ । गीतमा शब्द, सङ्गीत र स्वर प्रशान्त शिवाकोटीको छ । गीतले मुख्य पात्रहरूका जीवनकथा बोकेको छ । विशेष गरीसमुदायको प्रेम, वियोग, बिछोड र पीडालाई प्रस्तुत गरेको छ । भिडियोमा कलाकार विजय बराल (पूर्ण बहादुर), अञ्जना बराइली र बलाकलाकार स्वयम् केसीको अभिनय रहेको छ । सारङ्गीको धुनसँगै गीतमा प्रेम र पीडाको कथालाई कलात्मक रूपमा प्रस्तुत गरिएको छ ।




शनिबार १९, असोज २०८१ (Saturday, October 05, 2024)


# छानिए नेसनल किड्स अफ दि इयर



■ प्रभाव संवाददाता

**काठमाडौं–** एउटै स्टेजमा एकसाथ ४ विजेता छानिएका छन् । छैटौं 'नेसनल किड्स अफ दि इयर २०२४' मा सिनियर र जुनियर गरेर एकसाथ ४ विजेता घोषित गरिएको हो ।

बिहिबार राष्ट्रिय नाचघरमा अबेर साँझ सम्पन्न प्रतियोगीतामा सिनियर केटी तर्फ क्यारिङ दोङ विजेता बन्दा केटा तर्फ उत्सर्ग भट्टराई विजेता बने । दोङ एनआइसी एकडेकी कक्षा ५ मा अध्यायनजरत छिन्, भने भट्टराई ग्यालेक्सी स्कुलमा कक्षा ७ मा अध्यायनरत छन् ।

त्यस्तै, जुनियर क्याटवरीमा केटीतर्फ प्रान्भी आचार्यले शिर्ष उपाधि चुम्दा कोटा तर्फ प्रणय मानन्धर विजेता घोषित भए । आचार्य माछापुच्छ्रे आभी स्कुल कक्षा ३ मा अध्यायनरत छिन् भने मानन्धर रोज बर्ड स्कुल कक्षा २ मा अध्यायनरत छन् । शिर्ष विजेता ४ जानाले नै थाइल्याण्डमा आयोजना हुने अन्तराष्ट्रिय प्रतियोगीता इन्टरनेसनल किड्समा सहभागी हुनेछन् । विजेता सबैले बिभिन्न गिफ्ट ह्याम्परको अलवा होलिडे ट्रिट नेपालको तर्फबाट २५-२५ हजार बराबरको अन्तराष्ट्रिय हवाई टिकट सहुलियत समेत प्राप्त गरेका छन् । प्रतियोगीतामा सिनियर क्याटवरीमा केटातर्फ निशान उलक फष्ट रनरअप र आरोग्य श्रेष्ठ सेकेन्ड रनरअप छाँनिदा केटीतर्फ परिसा सिटौला फष्ट रहनअप र इक्सिता तन्डुकार सेकेन्ड रहनरअप भए ।

जुनियर क्याटवरीमा केटीतर्फ साइना थापा फष्ट रनरअप, आयुजा चौधरी सेकेन्ड रनरअप हुँदा केटातर्फ अविग्न डंगोल फष्ट रनरअप र ड्यारियन कुवँर सेकेन्ड रनरअप भए ।

उपत्यकाको ४५ बढी स्कुलका ६० प्रतियोगीले फाइनल स्पर्धा गरेको प्रतियोगीताको सोफिया महर्जन कार्की पब्लिक स्पिज, स्वस्तिका राजभण्डारीले पुर्सनल डेभबलमेन्ट, अशान्त शर्मा अभिनय, लीजा श्रेष्ठले नृत्य प्रशिक्षक रहेका थिए । लीजा श्रेष्ठ आयोजक इभेन्ट बेटर ग्यालेक्सी ईन्टरटेनमेन्टको एमडी हुन् ।

मेमोरी किङ डा. नवल पजियार, चलचित्र बिकास बोर्डका अध्यक्ष दिनेश डिसी, फिल्म निर्देशक दीपाश्री निरौला, कलाकार संघका अध्यक्ष मोहन निरौला, अभिनेता गजित बिष्टलगायत अतिथि रहेको प्रतियोगीतमा निर्णयक सजिना खनाल (मिस वर्ल्ड टुरिजम नेपाल), दीपक घिमिरे (अन्तराष्ट्रिय मोडल), जयनसुब्बा मानन्धर (कोरियोग्राफर) महेश केसी (डान्स कोरियोग्राफर), रुक्का श्रेष्ठ (ब्युटिसियन), हरि खड्का (फुटबल खेलाडी), इन्ता श्रेष्ठ (फेसन डिजाइनर), सिता सुवेदी (डान्सर), पवन कायस्था (डाक्टर), परिसिका कारन्जित ब्युटिसियन) रहेका थिए ।

बिभिन्न उप विजेता समेत छानिएका र नेपाल एरलाइन्सको समेत सहकार्य रहेका प्रतियोगीताको ड्रेस डिजाइन इन्ता अटायरले तयार पारेकी थिइन् । लाइभ धिमे बाजाको प्रस्तुतिबाट सुरु भएको प्रतियोगीतामा प्रतियोगीतले बिभिन्न कल्चर ड्रेस सहित इन्ट्रडक्सन राउण्ड, फ्यामिली सिक्वेललगायत बिभिन्न सिक्वेलमा प्रतियोगीलाई निर्णयकले जर्ज गरेका थिए ।

प्रतियोगीतामा गायक धिरज राई, सन्दीप कार्की, राजेन्द्र गिरी, युग श्रेष्ठले सांगीतिक प्रस्तुति मार्फत कार्यक्रमको वातावरण संगीतमय बनाएका थिए । इभेन्ट बेटर ग्यालेक्सी ईन्टरटेनमेन्टको आयोजनामा रहेको प्रतियोगिता बच्चाहरूलाई नेपाली कल्चरको जानकारी सहित उनीहरूको प्रतिभा निखार्दै भविष्य निर्माणमा सक्षम बनाउने उद्देश्यले आयोजना गरिएको आयोजक संस्थाका प्रमुख धिरज तन्डुकारले बताए ।

# किरणको स्वरमा सुनिलको 'मायाको बदला आँसु' सार्वजनिक




■ प्रभाव संवाददाता

**काठमाडौं–** चर्चित गायक किरण भुजेलको स्वरमा 'मायाको बदला आँसु' बोलको गीतको भिडियो सार्वजनिक भएको छ ।

सुनिल खनालको प्रस्तुति रहेको उक्त म्युजिक भिडियो राजधानीमा शुक्रबार आयोजित एक विशेष समारोहबीच सार्वजनिक भएको हो ।

सन्दीप खनालको शब्द रहेको उक्त गीतमा केशव विश्वकर्माले संगीत दिएका छन् भने विशाल निरौलाको एरेन्ज रहेको छ ।

त्यस्तै राजन राईको मिक्सिङ रहेको उक्त गीतमा सुनिल खनाल, रेनुका आले मगर, निरबहादुर श्रेष्ठ र नारायण लामाको अभिनय रहेको छ । करण साउदले निर्देशन गरेको उक्त गीतको सिनेमाटोग्राफर केशव विश्वकर्मा रहेका छन् भने दिनसन शाहले सम्पादन गरेको छन् ।

युनिक इन्टरटेनमेन्ट युट्युब च्यानलबाट सार्वजनिक गरिएको उक्त भिडियोमा निर्देशक साउदले कथा पनि भरेका छन् ।

## फिल्मका अंश सामाजिक सञ्जालमा नराख्न बोर्डको चेतावनी

**काठमाडौं (प्रस)–** चलचित्र विकास बोर्डले फिल्मका अंश सामाजिक सञ्जालमा देखिएपछि कानुन सम्झाएको छ । शुक्रबार सूचना जारी गर्दै बोर्डले प्रतिलिपि अधिकार ऐन, २०५९ र नियमावली, २०६१ सम्झाएको हो ।


यस्तै बोर्डले चलचित्र तथा चलचित्रजन्य सिर्जनाहरूको अनधिकृत रूपमा प्रयोग नगर्न आग्रह गरेको छ । चलचित्र तथा चलचित्रजन्य सिर्जनाहरूको अनधिकृत रूपमा प्रयोग नगर्न र दण्ड, जरिवाना र क्षतिपूर्तिबाट बच्न समेत बोर्डले सचेत गराएको हो । सूचनामा भनिएको छ,'हाल नेपालमा प्रदर्शनरत नेपाली चलचित्रहरूको मुख्य-मुख्य अंशहरूको भिडियो सामाजिक सञ्जाल भरी व्याप्त भइरहेको सम्बन्धमा बोर्डको ध्यानाकर्षण भएको छ । यसरी चलचित्रको मुख्य अंशहरूको अनधिकृत दुरूपयोगबाट चलचित्रका निर्माताहरूको लगानी तथा यसमा सम्बद्ध सम्पूर्णको मेहनत डुब्न जाने अवस्था रहन जान्छ ।' केही दिन अगाडि फिल्म बेहुली फ्रम मेघौली र 'ज्वाइँ साब'का केही अंश सामाजिक सञ्जालमा देखिएका थिए ।

बोर्डले भनेको छ,'अर्काको सिर्जना तथा सम्पत्तिको गैरकानुनीरूपमा विभिन्न डिजिटल माध्यमहरूमा अपलोड गर्नु कानुनीरूपमा दण्डनीय अपराध हो र यदि कसैले यसो गरेको पाइएमा प्रतिलिपि अधिकार ऐन,२०५९ र नियमावली, २०६१ अनुसार त्यस्तो काममा प्रयोग गरिएका उपकरण जफत हुनुका साथै तपाईंले दण्ड, जरिवाना र क्षतिपूर्ति समेत व्यहोर्नुपर्ने हुन्छ ।'

बोर्डले चलचित्रघर भित्र मोबाइल क्यामेरालगायत कुनै पनि किसिमका भिडियो खिच्ने सामाग्रीहरूको प्रयोग नगर्नु नगराउन समेत आग्रह गरेको छ ।



# विश्व कराते च्याम्पियनसिपमा सहभागी हुँदै एरिका



■ प्रभाव संवाददाता

**काठमाडौं–** एरिका गुरुङ इटालीमा आयोजना हुने १३औं विश्व कराते च्याम्पिन्सिपमा प्रतिस्पर्धा गर्ने भएकी छिन् । यही असोज २३ देखि २७ गतेसम्म इटालीको भेनिसमा आयोजना हुने प्रतियोगितामा नेपालको एकल प्रतिनिधित्व गर्दै गुरुङ सहभागी हुन लागेकी हुन् ।

एरिकाले यु-२१ उमेर समूहको महिलातर्फ ६८ केजीमाथि तौलसमूहमा यही असोज २३ गते प्रतिस्पर्धा गर्नेछिन् । प्रतिस्पर्धाको सेमिफाइनल र फाइनल यही असोज २७ गते हुनेछ ।

क्याडेट र जुनियरको पनि प्रतिस्पर्धा हुने उक्त प्रतियोगितामा एक सय १३ राष्ट्रका एक हजार नौ सय ९५ खेलाडीको सहभागिता रहने नेपाली टोलीका प्रशिक्षक समेत रहेका १०औं दक्षिण एसियाली खेलकुद (साग)का स्वर्ण पदक विजेता कुशल श्रेष्ठले जानकारी दिए ।

एरिकाको यो छैटौं अन्तर्राष्ट्रिय प्रतियोगिता हुनेछ । विगतका पाँच वटा अन्तर्राष्ट्रिय प्रतियोगितामा एरिकाले नेपाललाई कूल आठ पदक दिलाएकी छन् । त्यसमा चार स्वर्ण, तीन रजत र एक कांस्यपदक छ । एरिकाले यो सफलता एक वर्षमा हासिल गरेकी हुन् ।

एरिकाले इन्डोनेसियाको जकार्तामा भएको १०औं विश्व सितोरियो कराते च्याम्पिन्सिपमा स्वर्ण र कांस्य जितेकी थिइन् । त्यस्तै, एरिकाले १९औं एसियाली खेलकुदमा रजत, अमेरिकाको टेक्सासमा भएको युएस ओपन करातेमा स्वर्ण र रजत, भुटानको थिम्पुमा भएको आठौं दक्षिण एसियाली कराते च्याम्पियनसिपमा दुई स्वर्ण र चीनको हाङझावमा भएको २०औं एसियाली सिनियर कराते च्याम्पिन्सिपमा रजत पद जितेकी थिइन् ।

प्रतियोगितामा सहभागी हुने एरिकासहित चार सदस्यीय नेपाली टोलीलाई राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य-सचिव टङ्कलाल घिसिङ, नेपाल कराते महासङ्घका अध्यक्ष युवराज लामा र महासचिव दावा गुरुङले शुक्रबार शुभकामना दिँदै विदाई गरे ।

इटाली जाने टोलीमा एरिकासँगै तारा गुरुङ र सन्तोष श्रेष्ठ रहेका छन् । सदस्य-सचिव घिसिङले रणनीतिक तयारीअन्तर्गत एरिकाले सहभागी हुने कुनैपनि अन्तर्राष्ट्रिय प्रतियोगिता र तालिमका लागि राखेपले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दै सफलताका लागि शुभकामना प्रदान गरे ।

अध्यक्ष लामाले नेपाल करातेमा एसियालीस्तरमा पदक जितेर इतिहास रचिसकेको उल्लेख गर्दै नेपालले यसपटक करातेको विश्व च्याम्पियनसिपमा पदक जित्नेमा विश्वास व्यक्त गरे ।

# त्रिकोणात्मक क्रिकेट सिरिजको उपाधि क्यानडालाई

■ प्रभाव संवाददाता

**काठमाडौं–** त्रिकोणात्मक टि-२० सिरिजको उपाधि क्यानडाले जितेका छ । क्यानडाको किंगसिटीमा सम्पन्न खेलमा क्यानडाले ओमानलाई पाँच विकेटले पराजित गर्दै प्रतियोगिताको उपाधि जितेको हो ।

तीन देश सम्मिलित उक्त सिरिजमा क्यानडा शीर्षस्थानमा रहँदै प्रतियोगिताको उपाधिमाथि कब्जा जमाएको हो । क्यानडाले पहिलो खेलमा नेपाललाई १४ रनले हराएको थियो भने दोस्रो खेलमा नेपाललाई चार विकेटले पराजित गरेको थियो । त्यसैगरी ओमानविरुद्धको पहिलो खेलमा क्यानडा आठ विकेटले पराजित भएको थियो ।

त्यस्तै सिरिजमा नेपाल भने दोस्रो स्थानमा रह्यो । यसअघि नेपालले ओमानलाई पहिलो खेलमा ३७ रन तथा दोस्रो खेलमा ५६ रनले हराएको थियो । खेलमा ओमानले दिएको ८३ रनको लक्ष्यलाई क्यानडाले १४ दशमलव एक ओभरमा पाँच विकेट गुमाउँदै पूरा गर्यो । क्यानडाका लागि कप्तान निकलोस कृतनले सर्वाधिक २०



रनको योगदान दिए भने हर्ष ठाकरले १८ रन बनाए । त्यस्तै दिलप्रित बजवाले १४ तथा नभनित धलिवालले ११ रन बनाए ।

ओमानका अकिब इलियासल र कालिमउल्लाहले समान दुई-दुई विकेट लिए भने जिसन मक्सुदले एक विकेट झारे । त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको ओमानले १९ दशमलव चार ओभरमा सबै विकेट गुमाउँदै ८२ रनको योगफल बनाएको थियो । ओमानको लागि कप्तान अकिब इलियासले सर्वाधिक ३५ रनको योगदान दिए । उनले ४४ बलमा तीन चौका र एक छक्काको सहायताले ३५ रन जोडेका हुन् । त्यसैगरी शाकिल अहमदले १८ रन जोड्नेबाहेक अन्य खेलाडीले दोहोरो अंकमा रन बनाउन सकेनन् ।

बलिङतर्फ क्यानडाका अखिल कुमार र प्रभिन कुमारले समान तीन-तीन विकेट लिए भने हर्ष ठाकरले दुई विकेट लिए । त्यसैगरी सादविन जफरले एक विकेट झारे ।

## काठमाडौं जिल्ला लिगको उपाधि चित्लाङलाई

■ प्रभाव संवाददाता

**काठमाडौं–** चित्लाङ एफसी काठमाडौं जिल्ला लिगको च्याम्पियन बनेको छ ।

सानो गौचरण मैदानमा चावहिल फुटबल क्लबलाई ५-० ले पराजित गर्दै चित्लाङले उपाजित जितेको हो । चित्लाङलाई जित दिलाउन सुजित बुढाथोकीले दुई तथा आयुश कुँवर, रुजित पुडासैनी र विकास लामाले समान एक गोल गरे ।

उपाधिसँगै चित्लाङले १ लाख रूपैयाँ प्राप्त गर्यो । व्यक्तिगत विधामा पनि चित्लाङले नै कब्जा जमायो । सुजित बुढाथोकी सर्वोकृष्ट खेलाडी घोषित भए । उनले ५ हजार प्राप्त गरे ।

चित्लाङकै सक्कल रेग्मी, चन्द्रसुन्दर श्रेष्ठ र रूपेश क्षेत्री क्रमशः उत्कृष्ट रक्षक, गोलकिपर र प्रशिक्षक चुनिए ।अपराजित रहँदै च्याम्पियन बनेको चित्लाङले समूह चरणमा एसिसी क्लबलाई २-०, समाज सेवा क्लबलाई ३-० तथा सेमिफाइनलमा दक्षिणकाली क्लबलाई ४-२ ले पराजित गरेको थियो ।

जिल्ला लिगमा च्याम्पियन भएसँगै चित्लाङ अखिल नेपाल फुटबल संघ (एन्फा)ले आयोजना गर्ने प्रदेश लिगका लागि छनोट भएको छ । काठमाडौं जिल्ला फुटबल संघको आयोजनामा सम्पन्न प्रतियोगितामा १२ टोलीको सहभागिता थियो । एन्फाका उपाध्यक्ष एवं काठमाडौं जिल्ला फुटबल संघका अध्यक्ष विराटजंग शाही लगायतले विजेतालाई पुरस्कार वितरण गरेका थिए ।

# श्रीलंकाका लागि दिगो सुधार महत्त्वपूर्ण : आइएमएफ





**कोलम्बो–** श्रीलंकाको नयाँ राष्ट्रपतिले दुई अर्ब ९० करोड अमेरिकी डलरको राहत रकमका सर्तमा परिवर्तन गर्न माग गरेका छन् । जवाफमा अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ)ले शुक्रबार भनेको छ, ‘श्रीलंकाको पीडादायी मितव्ययिताका उपायहरूले सार्थकता पाइरहेका छन् र यसलाई निरन्तरता दिइरहनुपर्छ ।’

बामपन्थी नेतृ अनुरा कुमारा दिसानायकेले गत महिना भएको राष्ट्रपतीय चुनावमा करवृद्धि फिर्ता लिने, सरकारी कर्मचारीको तलब बढाउने र गत वर्ष कोलम्बोले प्राप्त गरेको अलोकप्रिय आइएमएफ बेलआउटमा पुनः वार्ता गर्ने वाचा गरेका थिए । मार्क्सवादी पृष्ठभूमिबाट राष्ट्रपतिमा निर्वाचित दिसानायकेले यसै साता कोलम्बोमा कोषका प्रतिनिधिसँग पहिलो बैठक गर्दै आफू निम्न आय भएका परिवारमा करको भार कम गर्न चाहेको बताएका थिए ।

यसको जवाफमा वासिङ्टनमा मुख्यालय रहेको ऋणदाता आइएमएफले श्रीलंकाको आर्थिक पुनरुत्थानलाई खतरामा नपार्न महत्त्वपूर्ण रहेको बताएको हो ।

यसबारे आइएमएफ प्रवक्ता जुली कोजाकले वासिङ्टनमा पत्रकारहरूसँगको कुराकानीमा भनिन्, ‘आर्थिक वृद्धिलाई पुनर्जीवित गर्ने, मुद्रास्फीति घटाउने, सञ्चिति बढाउने र राजस्व परिचालनमा सुधार गर्ने सन्दर्भमा श्रीलंकामा सुधारका हाम्रा प्रयासहरू सफल भइरहेका छन् । महत्त्वपूर्ण कमजोरीहरू र अनिश्चितताबीच सुधारको गतिलाई कायम राख्नु महत्त्वपूर्ण हुन्छ ।’

श्रीलंकाले आइएमएफ कोषको ३३ करोड ६० लाख अमेरिकी डलरको चौथो किस्ता निकाल्न नेताहरूले उद्धार योजनाको राजस्व र खर्चको लक्ष्यमा अडिग रहेको देखिनु आवश्यक हुने छ । राष्ट्रपतिको कार्यालयका अनुसार राष्ट्रपति दिसानायकेले बिहीबार आइएमएफ कार्यक्रमका उद्देश्यहरूसँग ‘व्यापक सहमति’ पुनः पुष्टि गरेका छन् तर ‘वैकल्पिक माध्यमहरूमार्फत यी उद्देश्यहरू प्राप्त गर्ने महत्त्वमा जोड दिएका छन् । उनले यसले जनतामा बोझ कम गर्ने बताएका छन् ।

नयाँ राष्ट्रपति ट्रम्पले १२.५ अर्ब अमेरिकी डलरको अन्तर्राष्ट्रिय सार्वभौम ऋणपत्रको पुनर्संरचना गर्न र नगदको अभाव झेलिरहेका राष्ट्रका लागि थप सहुलियत सुनिश्चित गर्न पनि आफूले सम्झौता गर्न चाहेको बताएका छन् ।

विश्लेषकहरूका अनुसार दिसानायकेसँग आइएमएफ सम्झौताका सर्तलाई नयाँ आकार दिने थोरै ठाउँ छ । कोलम्बोस्थित आर्थिक थिंक ट्यांक एडभोकाटाका मुर्तजा जाफर्जीले दिसानायकेको निर्वाचनलगत्तै एएफपीसँग भनेका थिए, ‘अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) वार्ता गर्न सहमत नहुने केही जटिल कुराहरू छन् ।’

‘आइएमएफ गत प्रशासनले सहमति गरेको मुद्रा मुद्रण, राजस्व र खर्चको लक्ष्यमा प्रतिबन्धसहित बेलआउटका मुख्य बुँदाहरूमा पछि हट्ने सम्भावना छैन,’ उनले भने ।

श्रीलंकाले सन् २०२२ मा ४६ अर्ब अमेरिकी डलर बराबरको विदेशी ऋण तिर्न नसकेपछि आइएमएफसँग सम्झौता गरी यस विषयलाई सहज बनाएको थियो । सन् २०२३ को आइएमएफ बेलआउटले खाद्यान्न, इन्धन र औषधिको चरम अभाव अन्त्य गर्न मद्दत गरेको छ र श्रीलंकाको अर्थतन्त्रलाई वृद्धिमा फर्काएको छ, तर यसको मितव्ययिताका उपायहरूले लाखौंलाई आफ्नो गुजारा चलाउन संघर्ष गरिरहेको छ ।

सन् २०२० मा संसदमा तीनजना सदस्यमात्र पठाउन सफल सानो वामपन्थी पार्टीका सदस्य दिसानायके भ्रष्टाचार र कुव्यवस्थापनका कारण जनतामा देखिएको आक्रोशका कारण यो वर्ष (हालै) भएको निर्वाचनमा निर्वाचित भएका हुन् ।

पदभार ग्रहण गरेको केही दिनपछि उनले अर्को महिनाका लागि मध्यावधि संसदीय निर्वाचनको आह्वान गरेका थिए । ऋणपत्रधारक वा आइएमएफसँग कुनै पनि नयाँ सम्झौताका लागि अर्को संसद्को अनुमोदन आवश्यक पर्दछ, जुन नोभेम्बर २१ मा यसको पहिलो सत्र हुने छ । *रासस/एएफपी*

# हेलेन आँधीका कारण अमेरिकामा २१० भन्दा बढीको मृत्यु

**एशभिले, संयुक्त राज्य अमेरिका–** अमेरिकामा आएको हेलेन आँधीका कारण शुक्रबारसम्म २१० जनाभन्दा बढीको मृत्यु भएको छ । नर्थ क्यारोलिनामा हेलेनका कारण सबैभन्दा बढी क्षति पुगेको छ ।

अमेरिकाको दक्षिणपश्चिमी क्षेत्रमा ‘हेलेन’ आँधीका कारण मृत्यु हुनेको संख्या २०० नाघेको छ धने व्यापक भौतिक क्षति पुऱ्याएको छ । अमेरिकी उद्धारकर्ताहरूले आँधीबाट बचेकाहरूको खोजी कार्य जारी राखेका छन् ।

नर्थ क्यारोलिनामा हेलेनका कारण आधाभन्दा बढी मानिसको मृत्यु भएको छ । हेलेन सन् २००५ मा आएको क्याट्रिना आँधीपछिको सबैभन्दा घातक आँधी सावित भएको छ । सन् २००५ मा यहाँ आँधीबेहरीका कारण एक हजार ८०० भन्दा बढीको मृत्यु भएको थियो ।

‘हेलेन’ आँधी आएको करिब एक साता बितिसक्दा पनि त्यस क्षेत्रमा सयौं मानिस हराइरहेका छन् भने करिब आठ लाख घरअझै पनि विद्युत्विहीन छन् । अमेरिकी राष्ट्रपति जो बाइडेनले बिहीबार आँधीप्रभावित क्षेत्रको हवाई भ्रमण गरेपछि जर्जियाको रे सिटीमा बाइडेनले प्रभावितहरूलाई भने, ‘म तपाईंलाई देख्छु, म तपाईंको कुरा सुन्दै छु, म तपाईंसँग दुःखी छु, र म तपाईंसँग प्रतिज्ञा गर्छु, हामी तपाईंको साथमा छौं ।’ *रासस/एएफपी*



उत्तरी चीनको शान्सी र उत्तरपश्चिम चीनको शान्सी प्रान्तहरूबीचको सिमानामा रहेको पहेँलो नदीमा रहेको हुकोउ झरनाको अवलोकन गर्दै पर्यटक ।

*तस्बिरः सिन्ह्वा*

# मध्यपूर्व तनावका करण तेलको मूल्य वृद्धि



न्युयोर्क- मध्यपूर्वमा बढ्दो द्वन्द्वको आशंकाप्रति लगानीकर्ताहरूको प्रतिक्रियास्वरूप बिहीबार तेलको मूल्य वृद्धि भएको छ भने विशेषगरी प्रमुख सेयरबजारमा गिरावट आएको छ । अमेरिकी राष्ट्रपति जो बाइडेनले इजरायलमाथि तेहरानको मिसाइल आक्रमणको प्रतिशोधमा इरानी तेल साइटहरूमा सम्भावित इजरायली आक्रमहरूबारे ‘छलफल गरिरहेको’ बताएपछि तेलको मूल्य बढेको हो ।

अन्तर्राष्ट्रिय बेञ्चमार्क ब्रेन्ट पाँच प्रतिशतभन्दा धेरैले बढेर प्रतिब्यारेल ७७.६२ डलर पुगेको छ भने अमेरिकी सम्झौता वेस्ट टेक्सास इन्टरमिडिएट पनि त्यसरी नै बढेको छ । प्रमुख अमेरिकी स्टक सूचकांकहरू दिनको अधिकांश समयमा नकारात्मक रहे । एसएन्डपी५०० ०.२ प्रतिशतले घटेर बन्द भयो । लण्डन, पेरिस र फ्रेंकफर्टका सेयरबजार सबै रातो भएर बन्द भए ।

अमेरिकी डकवर्कर्सको हडताल र अमेरिकी फेडरल रिजर्भको आगामी ब्याजदर कदमबारेको अनुमानले पनि लगानीकर्ताहरूलाई प्रभावित गरेको थियो । शुक्रबार प्रमुख रोजगारी प्रतिवेदन आउने भएको छ । डलरको सुरक्षित आश्रय स्थितिले यसको मूल्य बढेको छ । बेलायती पाउन्ड डलरको तुलनामा एक प्रतिशतभन्दा बढीले घटेको छ । बैंक अफ इंग्ल्यान्डका प्रमुख एन्ड्रयु बेलीले बेलायती ऋण लागतमा तीव्र कटौतीको संकेत दिए ।

एसियामा येन कमजोर हुँदा टोक्यो दुई प्रतिशतले बढेर बन्द भयो । यसले जापानका निर्यातकर्ताहरूलाई सहयोग गरेको छ । चीनको कमजोर अर्थतन्त्रलाई प्रोत्साहित गर्न चालिएको साहसिक कदमका कारण भएको तीव्र वृद्धिपछि हङकङ एक साताभन्दा लामो समयमा पहिलोपटक घट्यो ।

यो साता इजरायलमाथि इरानको क्षेप्यास्त्र आक्रमणले इजरायलको गाजा र लेबनानमा तेहरान समर्थित समूहहरूसँगको द्वन्द्व व्यापक क्षेत्रीय युद्धमा परिणत हुनसक्ने डर बढाएको छ ।

‘बजारहरू निलम्बित अवस्थामा छन्, इरानविरुद्ध इजरायलको अपेक्षित प्रतिशोधका लागि बजारहरू तयार छन्, यस्तो कदमले तेलको मूल्यलाई व्यापकरूपमा बढाउन सक्छ,’ स्वतन्त्र बजार विश्लेषक स्टिफन इन्सले भने ।

लेबनानी लडाकु समूह हिजबुल्लाहलाई समर्थन गर्ने इरानले इजरायलले जवाफी आक्रमण गरे आफ्नो प्रतिक्रिया बढाउने बताएको छ । लेबनानमाथि इजरायली बमबारीमा अहिलेसम्म एक हजारभन्दा बढी मानिस मारिएका छन् । यसमा बेरुतमा भएका आक्रमणहरू पनि समावेश छन् ।

इजरायली सेनाले बिहीबार लेबनानको राजधानी बेरुतमा हिजबुल्लाहको खुफिया मुख्यालयमा आक्रमण गरेको बताएको छ । सैनिकहरू भने सीमा नजिक लडाकुहरूसँग लडिरहेका थिए र युद्धक विमानहरूले मुलुकभर उनीहरूका गढहरूमा बमबारी गरिरहेका थिए । यद्यपि, विश्लेषकहरूले गत साता अमेरिकी भण्डारण अपेक्षाभन्दा बढेकाले तेलको मूल्यवृद्धि सीमित हुनसक्ने बताएका छन् । लिबियाको पूर्वी प्रशासनले पनि बिहीबार एक महिना लामो उत्पादन र निर्यात अवरोध अन्त्य गरेको घोषणा गरेको छ ।

साउदी नेतृत्वको ओपेक प्लस तेल कार्टेलले डिसेम्बरदेखि उत्पादन बढाउने तय गरेको छ । यसले आपूर्तिको चिन्तालाई अझ कम गर्ने छ । लगानीकर्ताहरूले शुक्रबार प्रमुख अमेरिकी गैरकृषि पेरोल रोजगारी प्रतिवेदनमा ध्यान केन्द्रित गर्दै छन् । यसले गत महिनाको चार वर्षमा पहिलोपटक कटौतीपछि फेडको ब्याजदर योजनाबारे संकेत दिनसक्छ । बुधबारको आँकडाले सेप्टेम्बरमा अमेरिकी निजी क्षेत्रको रोजगारीमा अप्रत्याशित वृद्धि देखाएको थियो । *रासस/एएफपी*

# सर्वोच्च अदालतलाई वैवाहिक बलात्कारमा उदारता देखाउन भारत सरकारको आग्रह

**मुम्बई–** भारत सरकारले वैवाहिक बलात्कारलाई अन्य बलात्कार अपराधहरूभन्दा धेरै उदारताका साथ व्यवहार गर्नुपर्नेमा जोड दिएको छ । वैवाहिक बलात्कारीलाई गैरकानुनी घोषित गर्न माग गर्दै अभियन्ताहरूले दायर गरेको चलिरहेको सर्वोच्च अदालतको मुद्दामा भारत सरकारले त्यस्तो जोड दिएको हो ।

भारतमा बेलायती औपनिवेशिक शासनको समयमा १९औं शताब्दीमा लागू गरिएको दण्डसंहिताले स्पष्टरूपमा ‘एक पुरुषले आफ्नै पत्नीसँग गरेको यौन क्रियाकलाप... बलात्कार होइन’ भनी उल्लेख गरेको छ ।

वैवाहिक बलात्कारलाई गैरकानुनी बनाउन खोज्ने अभियन्ताहरूको एक दशक लामो अदालती चुनौतीका बाबजुद प्रधानमन्त्री नरेन्द्र मोदीको सरकारले जुलाईमा उक्त धारालाई कायम राख्दै संशोधित संहिता लागू गरेको थियो । भारतको गृह मन्त्रालयले बिहीबार सर्वोच्च अदालतमा दायर गरेको शपथपत्रमा वैवाहिक बलात्कारको परिणाम ‘दण्डात्मक’ हुनुपर्ने भए पनि कानुनी प्रणालीले यसलाई विवाहबाहिर गरिएको बलात्कारभन्दा बढी उदारताका साथ व्यवहार गरिनुपर्ने उल्लेख छ ।

‘पतिसँग आफ्नी पत्नीको सहमति उल्लंघन गर्ने कुनै मौलिक अधिकार निश्चितरूपमा छैन,’ द इन्डियन एक्सप्रेस अखबारका अनुसार शपथपत्रमा भनिएको छ, ‘यद्यपि भारतमा मान्यताप्राप्त ‘बलात्कार’ प्रकृतिको अपराधलाई विवाह संस्थामा आकर्षित गर्नु अत्यधिक कठोर मान्न सकिन्छ ।’

भारतको वर्तमान दण्डसंहिताले बलात्कारमा दोषी ठहर भएकालाई न्यूनतम १० वर्षको सजाय तोकेको छ । वैवाहिक बलात्कारलाई विद्यमान कानुनहरूमा पर्याप्त रूपमा सम्बोधन गरिएको र यसमा घरेलु हिंसाबाट महिलाहरूको संरक्षण गर्ने सन् २००५ को कानुन समावेश रहेको सरकारको वक्तव्यमा उल्लेख छ । उक्त कानुनले यौन दुर्व्यवहारलाई घरेलु हिंसाको रूपमा मान्यता दिन्छ तर अपराधीहरूलाई कुनै आपराधिक दण्ड निर्धारण गर्दैन ।

दण्डसंहिताको अर्को धारामा पतिले आफ्नी पत्नीविरुद्ध गरेका व्यापकरूपमा परिभाषित ‘क्रुरता’का कार्यहरूका लागि तीन वर्षसम्मको जेल सजायको प्रावधान छ ।

सन् २०१९ देखि २०२१ सम्म गरिएको सरकारको पछिल्लो राष्ट्रिय परिवार स्वास्थ्य सर्वेक्षणअनुसार १८ देखि ४९ वर्ष उमेर समूहका छ प्रतिशत भारतीय विवाहित महिलाले वैवाहिक यौन हिंसाको अनुभव गरेको बताएका छन् । यसको अर्थ विश्वको सबैभन्दा धेरै जनसंख्या भएको भारतमा एक करोडभन्दा बढी महिला आफ्ना पतिहरूको हातबाट यौन हिंसाको सिकार भएका छन् ।

सर्वेक्षणअनुसार करिब १८ प्रतिशत विवाहित महिलाले आफ्ना पतिहरूले यौन सम्बन्ध चाहेमा अस्वीकार गर्न नसक्ने महसुस गरेका छन् । भारतको धेरै भागमा सम्बन्धविच्छेद अझै पनि वर्जित छ । ती भागमा प्रत्येक १०० विवाहमा एउटा मात्र विघटनमा समाप्त हुन्छ र यो प्रायः असन्तुष्ट विवाहलाई कायम राख्न परिवार र सामाजिक दबाबका कारण हुन्छ ।

भारतको आपराधिक न्याय प्रणालीमा लामो समयदेखि नसुल्झिएका केही मुद्दाहरूले समाधान पाउन दशकौं लाग्छ र वैवाहिक बलात्कारलाई अपराधीकरण गर्न दबाब दिने मुद्दाले अत्यन्त सुस्त प्रगति गरेको छ । सन् २०२२ मा दिल्ली उच्च अदालतमा दुई-न्यायाधीशको इजलासले विभाजित फैसला सुनाएपछि यो मुद्दालाई सर्वोच्च अदालतमा पठाइएको थियो ।

उक्त मुद्दामा एक न्यायाधीशले पतिले जबरजस्ती आफ्नी पत्नीसँग यौनसम्बन्ध राख्छ भने त्यसलाई ‘एक अपरिचित व्यक्तिले बलात्कार गर्ने कार्यसँग तुलना गर्न सकिँदैन’ भनी फैसला गरेका थिए । *रासस/एएफपी*

# जापानका क्षेत्रीय विमानस्थलमा विष्फोटक सामग्री खोजी गरी सफा गरिने

**टोकियो–** जापानका क्षेत्रीय विमानस्थलमा नफुटेको अवस्थामा रहेका यस्ता विष्फोटक सामग्री सफा गर्ने जापानका यातायात मन्त्रीले शुक्रबार बताएका छन् । जापानले दोस्रो विश्वयुद्धका समय अमेरिकाले खसालेको बम दक्षिणको ट्याक्सीवेमा विष्फोट भएपछि जापानले यो घोषणा गरेको हो ।

यो उपकरण बुधबार युद्धको समयमा जापानी आत्मघाती पाइलट (कामीकेज)हरूका लागि पूर्वाधार शिविर रहेको मियाजाकी विमानस्थलमा विष्फोट भएको थियो । एएफपीले प्राप्त गरेको फुटेजमा कम्तीमा १० मिटर (३० फिट) सम्म माटोको मुस्लो हावामा उडेको देखिएको छ । घटनामा कोही पनि हताहत नभए पनि साँझसम्मका लागि उडान स्थगन गरिएको छ । यातायातमन्त्री टेट्सुओ साइतोले शुक्रबार पत्रकार सम्मेलनमा भने, ‘मियाजाकी विमानस्थल र अन्य विमानस्थलहरूमा चुम्बकीय साधनको प्रयोग गरी यस्ता खतरनाक वस्तु रहेको भेटिएमा खोजी गर्न सरकारले आदेश दिएको छ ।’

राष्ट्रिय प्रसारक एनएचकेका अनुसार सुरूमा सेन्दाइ, फुकुओका र नाहाको क्षेत्रीय व्यापारिक हबका विमानस्थलहरूमा खोजी केन्द्रित हुने छ । स्थानीय सञ्चारमाध्यमका अनुसार युद्धकालमा जापानका कतिपय विमानस्थललाई सबै सैन्य सुविधाका लागि प्रयोग गरिएको थियो । असाही शिम्बुनका अनुसार सन् २०११ यता मियाजाकीमा विमानस्थलको पार्किङ एप्रोनमा पुनरुत्थानको क्रममा फेला परेको एक टनको उपकरणसहित तीनवटा बम फेला परेका छन् ।

दर्जनौं ‘कामिकेज’ विमानलाई आत्मघाती मिसनहरूमा पठाएको मियाजाकी विमानस्थल सन् १९४३ मा एक शाही जापानी नौसेना बेसको रूपमा सुरू भएको थियो । सन् १९४५ मा नागासाकी र हिरोशिमामा आणविक बम विष्फोट हुनुअघि अमेरिकी वायु सेनाले जापानका दर्जनौं सहरमा भारी बमबारी गरेको थियो ।

मार्च १९४५ मा मात्र एक रातमा टोकियो र वरपरका क्षेत्रमा लगभग एक लाख नागरिकहरू मारिएका थिए । सेल्फ डिफेन्स फोर्सेजका अनुसार सन् २०२४ को अप्रिलसम्म जापानको सेनाले दुई हजार ३४८ वटा नफुटेका उपकरणहरू सुरक्षितरूपमा हटाएको थियो । यीमध्ये ४४१ ओकिनावाको दक्षिणी क्षेत्रमा रहेका थिए । *रासस/एएफपी*


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

**पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी–विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।**

काठमाडौं जि.प्र.का.द.नं.४८०–०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १६१३०० | प्रति तोला – ० | प्रति तोला – १९८० |



**सोलारबाट सिंचाई** | दाङको दंगीशरण गाउँपालिका–३ चखौरास्थित खेतमा 'पम्पिंग' गरेर सिँचाइ गर्न राखिएको सोलार ।

*तस्बिर: दीपक बोहरा/रासस*

## 'डिजिटल नेपालका लागि टेलिकमको महत्वपूर्ण भूमिका'



■ प्रभाव संवाददाता

**पाटन (ललितपुर)**– सञ्चार, सूचना तथा प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले 'डिजिटल नेपाल फ्रेमवर्क–२०७६' सफल पार्न नेपाल टेलिकमको महत्वपूर्ण भूमिका रहेको बताएका छन् ।

नेपाल टेलिकमको जावलाखेलस्थित कार्यालयमा नेटवर्क सञ्चालन प्रणालीको निरीक्षण गर्दै सरकारका प्रवक्तासमेत रहेका मन्त्री गुरुङले दक्षिण एसियामा नेपालमा सूचना प्रविधिको महत्वपूर्ण सम्भावना भएको क्षेत्र भएको बताए । नेपाल टेलिकमले सेवाको प्रभावकारिता वृद्धि गर्दै लैजानुपर्नेमा जोड दिँदै उनले व्यवसायिकता एवं सेवाको गुणस्तर पनि सुधार्नुपर्ने बताए ।

'फोन राम्रोसँग टिप्दैन भनेर गुणस्तरमा धेरैले प्रश्न उठाइरहेका छन्, कभरेज कम भयो भन्ने छ, यसमा सुधार हुनुपर्छ, टेलिकमले कभरेज, गुणस्तरमा जोड दिनुपर्छ, सबै काम सफल पार्न टेलिकमको भूमिका हुन्छ', मन्त्री गुरुङले भने, 'टेलिकम्युनिकेसनमा निजी क्षेत्र व्यापार गर्न आउने हो । हामीले त कम जनशक्ति भएको ठाउँमा पनि जोड दिनुपर्छ, स्थानीय तहदेखि केन्द्रीय सरकारसम्म सुशासन कायम गर्नका लागि टेलिकमको भूमिका महत्वपूर्ण छ ।'

मन्त्री गुरुङले यसै वर्ष केन्द्रका सबै मन्त्रालय र कार्यालयमा 'इ-गभर्नान्स' सुरु गरिने बताउँदै यो सेवा सुरु भएसँगै जनताको धेरै खर्च कटौती हुने विश्वास व्यक्त गरे । उनले भने, 'तपाईंहरूले पूर्वाधार पुऱ्याइ दिनुपऱ्यो, हालसम्म पनि स्थानीय तहका १६ वटा वडामा नेपाल टेलिकमको सेवा पुगेको छैन । एउटा स्थानीय तहमा सेवा पुऱ्याउन पनि धेरै मेहनत गर्नुपर्छ ।'

सूचना प्रविधि दशक घोषणा भए पनि बजेटले त्यसलाई नसमेटेको बताउँदै मन्त्री गुरुङले आगामी दिनमा आवश्यकता अनुरूप खर्च व्यवस्थापन गरेर काम गर्नुपर्ने बाध्यता रहेको उल्लेख गरे । उनले भने, 'नीतिबिना कार्यक्रम हुँदैन, बजेटबिना कार्यक्रम सम्भव हुँदैन, अब आवश्यकताअनुसार मिलाउँदै जाने हो । कानुन नियम नमिलेको छ भने पनि भन्नुहोला, सबै मिलेर सफल पार्नुपर्छ ।'

दिगो विकास लक्ष्य पूरा गर्ने सन्दर्भमा टेलिकमको ध्यानाकर्षण गराउँदै मन्त्री गुरुङले हातले मात्रै काम गरेर दिगो विकास लक्ष्य पूरा हुन सक्दैन भने । नेटवर्क सञ्चालन प्रणालीको निरीक्षणका क्रममा सञ्चार सचिव राधिका अर्याल, टेलिकमकी प्रबन्ध निर्देशक संगीता पहाडीसहित टेलिकमका प्राविधिक कर्मचारीको उपस्थिति रहेको थियो ।

केन्द्रीय तहबाट देशैभरिका नेटवर्कहरू सञ्चालन भए नभएको, समस्या के भएको छ भन्ने हेर्ने र अनुगमन कक्षको निरीक्षणका क्रममा मन्त्री गुरुङ समक्ष टेलिकमका उपप्रबन्धक रवीन्द्र खैंजुले नेटवर्किङ प्रणाली र सञ्चालनबारेमा प्रस्तुतीकरण गरेका थिए ।

## खानेतेलको मूल्य तथा आपूर्तिबारे मन्त्री भण्डारीको चासो

■ प्रभाव संवाददाता

**काठमाडौं**– उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले नेपाल वनस्पति घ्यू तेल उत्पादक संघका पदाधिकारीसँग खानेतेलको मूल्य तथा आपूर्तिको अवस्थाबारे जानकारी लिएका छन् । उनले उपभोक्तालाई मर्का नपर्ने गरेर बजारमा खानेतेलको आपूर्तिको व्यवस्था गर्न आग्रह गरे ।

संघका अध्यक्ष विकास दुगडसहितको टोलीले मन्त्री भण्डारीलाई आज सिंहदरबारस्थित मन्त्रालयमा खानेतेलको मूल्य र आपूर्ति अवस्थाबारे जानकारी गराएको हो । अध्यक्ष दुगडले अन्तर्राष्ट्रिय बजारमा आएको मूल्य परिवर्तन र जलवायु परिवर्तनका कारण मूल्यवृद्धिको अवस्था आएको मन्त्री भण्डारी समक्ष जानकारी गराए ।

मन्त्री भण्डारीले विपद् र चाडपर्वका बेला मूल्य वृद्धि गर्न नहुने उल्लेख गर्दै वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका महानिर्देशक राजन पौडेलसहित बैठक बसेर उपभोक्तालाई मर्का नपर्ने गरेर समाधान निकाल्न निर्देशन दिए ।

उक्त अवसरमा संघका अध्यक्ष दुगड, पूर्वअध्यक्ष सन्दीप अग्रवाललगायतले खानेतेल उत्पादक उद्योगीले वाणिज्य मन्त्रालयअन्तर्गतको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले सिधै खरिद गरेर बिक्री गर्दा उपभोक्ताले बजार मूल्यभन्दा सस्तोमा खानेतेल खरिद गर्न पाउने बताए । खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडका प्रमुख कार्यकारी अध्यक्ष रमेश आचार्यले उद्योगबाट सिधै तेल खरिद गरेर उपभोक्ताले सस्तोमा पाउने भएकाले खरिद प्रक्रिया अगाडि बढाइएको जानकारी गराए ।

यसैबीच सोही क्रममा नेपाल चामल तेल उत्पादक संघका विभोर अग्रवालले विगतको तुलनामा चामलको मूल्य कम रहेको र चाडपर्वका बेला चामल तथा दालको मूल्य वृद्धि नहुने जानकारी दिए । उनले तिहारपछि भारतले निर्यात शुल्क १० प्रतिशत वृद्धि गर्न लागेकाले वाणिज्य मन्त्रालयले पहल गरे त्यो हट्ने र मूल्य वृद्धि नहुने बताए ।

विपद् पीडितलाई राहत

नेपाल वनस्पति घ्यू तेल उत्पादक संघ र नेपाल चामल तेल उत्पादक संघले मन्त्री भण्डारीको आग्रहमा विपद्का कारण पीडित भएका सर्वसाधारणका लागि खाद्यान्न उपलब्ध गराएको छ । दुवै संघले ललितपुरलगायत विभिन्न ठाउँका सर्वसाधारणका लागि खाद्यान्न उपलब्ध गराएको हो । नेपाल वनस्पति घ्यू तेल उत्पादक संघले चामल तीन सय ६० बोरा, चिउरा एक सय बोरा, मसूर दाल ४० बोरा र तोरीको तेल दुई सय लिटर उपलब्ध गराएको छ ।

यस्तै नेपाल चामल तेल उत्पादक संघले चामल एक सय ४० बोरा र मसुरको दाल ४० बोरा उपलब्ध गराएको छ । यसैबीच दुवै संघले नागरिकमा पर्न गएको ठूलो विपत्ति तथा जनधनको क्षतिमा गहिरो दुःख व्यक्त गर्दै प्राकृतिक विपत्तिको समयमा विपत्तिमा पर्न गएका व्यक्ति र परिवारमा केही भए पनि राहत प्रदान गरेको जनाएको छ ।

## नौवस्ता औद्योगिक क्षेत्र निर्माणमा विलम्ब

**बाँके (प्रस)**– बस्ती व्यवस्थापन नहुँदा बैजनाथमा निर्माण गर्ने भनिएको 'नौवस्ता औद्योगिक क्षेत्र'को काममा विलम्ब भएको छ । बैजनाथ गाउँपालिकाका अध्यक्ष प्रकाशबहादुर शाहीका अनुसार औद्योगिक क्षेत्र निर्माण गर्ने स्थानको मानव बस्ती व्यवस्थापन नहुँदा निर्माणमा विलम्ब भएको हो । औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडबाट नक्सांकन भइसकेको छ । क्षेत्रीय कारागार, सशस्त्र प्रहरी बल र औद्योगिक क्षेत्रको जग्गा छुट्याएर नक्सांकन भइसकेकाले त्यसलाई सरकारले अनुमोदन गर्न बाँकी छ ।

सरकारले साबिकको नौवस्ता गाविस हाल बैजनाथ गाउँपालिकाको उत्तरमा रत्न राजमार्ग, दक्षिणमा डिगिया डाँडा, पूर्वमा गाभर र पश्चिममा पितमारीको चार किल्लामा रहेको पाँच सय २५ बिघा सरकारी जग्गामध्ये तीन सय ३८ बिघालाई यसअघि औद्योगिक क्षेत्रको नाममा ल्याएको थियो । उक्त जग्गा स्थानीय, क्षेत्रीय कारागार, सशस्त्र प्रहरी बलले पनि उपयोग गरेपछि पुनः नक्साङ्कन गरेर औद्योगिक क्षेत्रको क्षेत्रफल घटाइएको हो ।

औद्योगिक क्षेत्रभित्र सडक, विद्युत्, पानी, आवास, प्रशासन, भन्सार, इन्धन पम्प, दूषित पानी प्रशोधन प्लान्ट, हेभी ट्रक पार्किङलगायत पूर्वाधार निर्माण गर्ने औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले जनाएको छ ।

## माछापुच्छ्रे बैंकको २४औं वार्षिकोत्सव

■ प्रभाव संवाददाता



**काठमाडौं** – माछापुच्छ्रे बैंक लिमिटेडले आफ्नो २४औं वार्षिकोत्सव विविध सामाजिक उत्तरदायित्वका कार्यक्रमसहित भव्य रूपमा मनाईरहेको छ । 'उत्सव र सहयोग' भन्ने नाराका साथ बैंकले असोज महिनालाई वार्षिकोसत्व अभियानको रूपमा लिएको हो । यसै अवसरमा बैंकले असोज १८ गते केन्द्रिय कार्यालय तथा बैंकका सम्पूर्ण शाखा कार्यालयहरूमा केक काटेर हर्षित उल्लासकासाथ वार्षिकोत्सव मनाएको छ ।

हरेक वर्ष असोज १७ गतेलाई वार्षिकोत्सव दिनको रूपमा मनाउँदै आएको बैंकले यस वर्ष २४औं वार्षिकोत्सवको अवसरमा आफ्ना ग्राहकहरूलाई विभिन्न प्रकारका विशेष सुविधाहरू प्रदान गर्दै आएको छ भने 'उत्सव र सहयोग' भन्ने नाराका साथ देशभर रहेका विभिन्न शाखाहरू मार्फत संस्थागत सामाजिक उत्तरदायित्व अर्न्तगत सहयोगका कार्यक्रमहरू समेत सञ्चालन गरिरहेको छ ।

जस अन्तर्गत बैंकले वृद्धाश्रम तथा बालमन्दिरहरूमा सहयोग, वृक्षरोपण, वित्तीय साक्षरता प्रवर्द्धन कार्यक्रम जस्ता सामाजिक उत्तरदायित्वमा केन्द्रित गतिविधिहरू सञ्चालन गरिरहेको छ ।

केहिदिन अगाडी मात्रै आएको बाढी पहिरोमा परि विस्थापित भएका काभ्रे जिल्लाको रोशी गाउपालिका १ र २ का बाढी पहिरो पिडित घरपरिवारलाई २०० थान ब्लाङ्केट बैंकले प्रदान गरेको छ । बाढी पहिरोका कारण विभिन्न स्थानहरूमा बाटो अवरुद्ध हुदाँ बैंकले उक्त ब्लाङ्केटहरू रोशी गाँउपालिकाका अध्यक्ष दिनेश लामालाई हस्तान्तरण गरेको हो । यस लगायत बैंकका विभिन्न शाखा कार्यालयहरूको माध्यमबाट स्थानिय तहमा आवश्यक विभिन्न सामाजिक कार्यमा सहभागी हुदै आएको छ ।

यसैगरी बैंकले २४औं वार्षिकोत्सवको अवसर पारेर ग्राहक लक्षित विभिन्न अफरहरू संचालनमा ल्याएको छ । बैंकले असोज १ देखि ३० गते सम्मको अवधीमा यस बैंकको मोबाइल बैंकिङ्ग, डेबिट कार्ड, क्रेडिट कार्ड, डलर क्रेडिट तथा डलर प्रिपेड कार्ड लिने नयाँ ग्राहक महानुभावहरूलाई विशेष छुटको योजना ल्याएको छ ।

देशका हरेक वर्ग र क्षेत्रमा सेवा पुऱ्याउने उद्धेश्यका साथ १६५ शाखा कार्यालयहरू २०१ एटिएम, १११ शाखारहित बैंकिङ्ग सेवा, १२ एक्सटेन्सन काउण्टर मार्फत १६ लाख भन्दा बढि ग्राहकलाई सेवा प्रदान गरिरहेको बैंकले आगामी दिनहरूमा अझ प्रभावकारी र दिगो कार्यक्रमहरू सञ्चालन गर्दै, सामाजिक उत्तरदायित्वका अभियानहरूलाई थप प्रोत्साहन गर्ने प्रतिबद्धता व्यक्त गरेको छ ।

## पर्यटकको पर्खाइमा सौराहाका होटल व्यवसायी

■ प्रभाव संवाददाता

**चितवन**– सौराहास्थित राप्ती नदीको किनारमा रहेको सन्सेट होटलको नदी तटीय क्षेत्रमा बाढीले बगाएर पाँच फिट बढी गहिरो भएको थियो । आज बिहान सौराहा पुग्दा बाढीले बनाएको खाल्डो पुरेर मिलाउने काम भइरहेको थियो ।

रेष्टुरेन्टका सञ्चालक दीपेन्द्र खतिवडाका अनुसार बाढीले एक मान्छे गहिरो खाल्टो बनाएको थियो । उनले भने, 'अब करिब पूर्ववतः अवस्थामा आयो, भोलिबाट रेष्टुरेन्ट सञ्चालनमा ल्याउन सकिन्छ ।'

हरेक वर्ष नदी तटीय क्षेत्रमा बाढी आउने भए पनि यस वर्ष अलि बढी क्षति भएको छ । 'उनको सँगै १५ रेष्टुरेन्ट बाढीले असर पुऱ्याएको छ, रेष्टुरेन्ट सञ्चालकको छाता संस्था क्षेत्रीय रेष्टुरेन्ट एण्ड बार एशोसिएशन (रेवान) का अध्यक्ष ध्रुव गिरीका अनुसार अधिकांश क्षति पुगेका रेष्टुरेन्ट मर्मत र सरसफाइ गरेर सञ्चालनमा आउन थालेका छन्', उनले भने, 'बाढीपछि अब हामी पर्यटकको पर्खाईमा छौं ।'

बालुवा र पाँगो माटोले कतै भरिएको तथा कतै बाढीले खोतलेका ठाउँ र संरचना मर्मत सम्भारको काम अन्तिम चरणमा पुगेको छ । क्षेत्रीय होटल सङ्घ सौराहाका अध्यक्ष गङ्गा गिरीका अनुसार राप्ती किनारका केही होटलमा नदीको बाढी पसेको थियो । ठूलो क्षति नभए पनि आंशिक क्षति केही होटलमा पुगेको थियो ।

होली लज, सपना भिलेज, होटल रिभर साइड लगायतका होटलमा बाढी पसेको थियो । ती होटलको पनि सरसफाइ र मर्मत गरिसकिएको उनले जानकारी दिए ।

उनले भने, 'बाढीका कारण अहिले सौराहाका कुनै होटल बन्द छैनन् ।' गत शुक्रबार र शनिबार परेको अविरल वर्षाले धेरै राजमार्गमा क्षति पुगेपछि त्यसको प्रत्यक्ष प्रभाव यहाँको पर्यटन क्षेत्रमा परेको छ । गिरीका अनुसार अहिले सौराहामा बढीमा ५०० पर्यटक छन् । गत वर्ष यही समयमा दैनिक चार हजार बढी पर्यटक हुने गर्दथे । तीमध्ये आधा तेस्रो मुलुकका, ३० प्रतिशत नेपाली र २० प्रतिशत चिनियाँ पर्यटक हुने गरेको उनले जानकारी दिए ।

लामो समय बस्ने पर्यटकलाई भिसा निःशुल्क गर्न र चितवन राष्ट्रिय निकुञ्ज प्रवेशको टिकट काटेपछि सात दिन हुने व्यवस्था गर्न सकेमा पर्यटकको संख्या बढ्ने उनी बताउँछन् । अहिले हरेक दिन निकुञ्जको टिकट काट्नुपर्ने हुन्छ । टिकटको अवधि बढाएमा सौराहासहित पश्चिम चितवन, माडी र चेपाङ मार्गमा पर्यटकको संख्या बढ्ने उनको भनाइ छ ।

संघका पूर्वअध्यक्ष सुमन घिमिरे यस वर्ष बाढी नआउँदा पनि उत्साह नदेखिएको भन्दै बाढी आएपछि थप प्रभावित भएको बताउँछन् । उनले भने, 'विश्व बजारमा नेपालमा घुम्ने रुचि कम भएको पाइयो ।' विदेशी पर्यटकको संख्या घटेको र नेपाली आउने समयमा बाढीका कारण बाटो अवरुद्ध हुँदा समस्या भएको उहाँ बताउनुहुन्छ । उनले भने, 'बाटो बन्द छन्, जहाजको टिकट महँगो छ, त्यो पनि पाइदैन, पर्यटक कसरी आउन सक्नु ?'

संघका महासचिव गुणराज थपलिया यस वर्षको मुख्य यामको सुरुवातीमा पर्यटकको आगमनमा निकै आएको बताउँछन् । त्यसका कारण पर्यटनसँग सम्बन्धित क्षेत्र प्रभावित बनेको उनको भनाइ छ । सौराहामा ४५ निजी हात्ती छन् । ठूलो संख्यामा जीप, डुङ्गा सबै प्रभावित बनेका छन् । यहाँका १३८ होटल, १०० हाराहारी रेष्टुरेन्टमा अर्बौको लगानी छ । थपलियाका अनुसार एकै रातमा छ हजार ६०० भन्दा बढी अट्न सक्ने क्षमता सौराहामा छ । यद्यपि पर्यटक नहुँदा समस्या भएको उनी बताउँछन् ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१–४३७३५७७, ०१–४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ